छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
वर्ष २५ • अंक ३१५ • २०८१ साल बैशाख १ गते शनिबार (13 April, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### ४ वैशाखमा चौथौं पटक मुख्यमन्त्रीको विश्वास मत

## गठबन्धनको पूर्ण समर्थन रहनेमा यादव ढुक्क, शीर्ष नेताहरुको ग्रीन सिग्नल

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय गठबन्धनमा फेरबदल भएसँगै प्रदेशहरुमा समेत उथलपुथल भएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव वैशाख ४ गते चौथौं पटक विश्वासको मत लिन लागेका हुन् ।

गठबन्धनबाट बाहिरिएको नेपाली कांग्रेसले प्रदेश सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका हुन् ।

हाल सत्ता गठबन्धन दलहरुसित सम्मानजनक बहुमत रहेको छ । सरकारको नेतृत्व जनता समाजवादी पार्टी(जसपा) नेपालले गरिरहेको छ । सरकारमा नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल रहेका छन् ।

१ सय ७ सदस्यीय प्रदेश सभामध्ये एकजना सभासद फरार सूचीमा रहेका छन् । तैपनि बहुमतका लागि ५४ जना सभासदको समर्थन आवश्यक छ ।

हाल प्रमुख प्रतिपक्षमा रहेका कांग्रेस र प्रतिपक्षी दल जनमत पार्टी पनि सरकारमा सहभागी रहेका थिए । तर दलगत स्वार्थ बाझिएपछि जनमत पार्टीले सरकार छाडेको छ । संघीय गठबन्धनमा उथलपुथल भएपछि कांग्रेस सरकारबाट बाहिरिएको हो ।

मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने सहमति गठबन्धनका शीर्ष नेताहरुबीच भइसकेको छ । विश्वासको मतका लागि प्रदेशसभाको बैठक ४ गते डाकिएको छ ।

नयाँ वर्षको प्रारम्भमै विश्वासको मत लिन लागेका मुख्यमन्त्री यादव जोखिममुक्त रहेको देखिन्छ । तर तेश्रो पटक विश्वासको मत लिने अघिल्लो दिन सत्ता गठबन्धन दलकै सभासदहरुले अल्पमतमा पार्ने गम्भीर तयारी गरेका थिए ।

भारतको बिहार राज्यको सुरसण्डस्थित एउटा निजी विद्यालय परिसरमा राति भेला भएर सभासदहरुले मुख्यमन्त्री यादवलाई अल्पमतमा पार्ने रणनीति बनाएका थिए । तर त्यो रणनीति अनुरुप काम भइरहेकै बखत गोपनीयता भंग हुँदा मुख्यमन्त्रीले बहुमत सावित गर्न सफल भएका थिए ।

मुख्यमन्त्रीलाई अल्पमतमा पार्ने अभियानमा माओवादी, लोसपा, जनमत र एमाले प्रमुख रुपमा थिए । केही स्वतन्त्र र जसपाका समेत २ जना रहेको सभासदहरुले दाबी गरेका थिए । तर माओवादी र लोसपा सरकारमा थिए । जनमत सरकार छाडेको महिना पनि पुगेको थिएन । एमाले प्रमुख प्रतिपक्षमा रहेको थियो ।

उच्चस्रोतहरुका अनुसार माओवादी सरकारमा रहे पनि दलमा चरम असन्तुष्टि छ । माओवादीका केही सभासदहरु कांग्रेससित छलफलमा रहेको स्रोतले जनाएका छन् । संघीय गठबन्धनमा नरहेको लोसपा प्रदेशमा भने सरकारलाई विश्वासको मत

> नयाँ वर्षको प्रारम्भमै विश्वासको मत लिन लागेका मुख्यमन्त्री यादव जोखिममुक्त रहेको देखिन्छ । तर तेश्रो पटक विश्वासको मत लिने अघिल्लो दिन सत्ता गठबन्धन दलकै सभासदहरुले अल्पमतमा पार्ने गम्भीर तयारी गरेका थिए ।

दिने सभासद जितेन्द्र सोनलले सार्वजनिक रुपमा अभिव्यक्ति दिइसकेका छन् ।

तर लोसपा संसदीय दलका नेता अभिराम शर्मा फरार सूचीमा रहेका छन् । अन्य नेता चुनिएको छैन । उपनेता उपेन्द्र महतो सरकारको पक्षमा देखिदैन ।

यसैबीच सुदुरपश्चिममा सरकारको नेतृत्व गर्ने विषयमा नागरिक उन्मुक्ति पार्टी(नाउपा)बीच चर्किएको विवादले सरकार गठनमा संकट देखिएको छ ।

पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले सुदूरपश्चिम प्रदेश सदंसदीय दलका नेता घनश्याम चौधरीलाई निलम्बन गरिएको पत्र सभामुखको सचिवालयमा पठाएकी छन् ।

अध्यक्ष रञ्जिताले मुख्यमन्त्रीमा आफ्नो विश्वास पात्र प्रदेश सभा सदस्य कैलाश चौधरीलाई अघि सारेकी छन् । तर संस्थापक रेशम पक्षले लक्ष्मणकिशोर चौधरीलाई प्रस्ताव गरेको छ ।

दलका नेता घनश्याम चौधरीलाई हटाएर रञ्जिता श्रेष्ठले कैलाशलाई मुख्यमन्त्रीका लागि दलको नेता चयन गर्न लागेकी हुन् । घनश्यामलाई तीन महिनाका लागि निलम्बन गरिएको पत्र सभामुखलाई पठाइएको छ ।

५३ सदस्यीय सुदुरपश्चिम प्रदेशमा बहुमतका लागि २७ सभासदको समर्थन चाहिन्छ । माओवादीको ११ र एमालेको १० सभासद सहित नाउपाका ७ सभासद जोड्दिा बहुमत पुग्छ । नाउपाका २ जना सभासद निलम्बित भएसँगै सरकार गठनमा समस्या आउने छ । संस्थापक रेशमको पक्षमा ५ जना सभासद रहेका छन् । मुख्यमन्त्रीमा सहमति नभए उनीहरु सबै निलम्बनमा पर्न सक्ने संकेत अध्यक्ष श्रेष्ठले दिइसकेकी छन् ।















प्राज्ञिक विद्यार्थी परिषद, नेपालद्वारा नयाँ वर्ष २०८१ को शुभ अवसरमा शुभकामना आदान प्रदान तथा बृहत दिप प्रज्जवलन कार्यक्रम सम्पन्न गरेको छ।

*तस्वीर : बब्लु शर्मा*

# सीमित खर्चको प्रावधानले सीमा क्षेत्रका पर्यटन प्रभावित

वीरगंज। स्थलमार्ग भइ नेपाल भ्रमणमा आउने भारतीय पर्यटकले भारु २५ हजार मात्रै ल्याउन पाउने नियमले सीमावर्ती जिल्लाका पर्यटन क्षेत्र प्रभावित भएको छ।

बारा, पर्सा जिल्लामा भारतीय पर्यटक लक्षित क्यासिनोसहितका सानाठूला दुई दर्जन होटल सञ्चालनमा छन्। तर भारतीय पर्यटकले साथमा भारु २५ हजारभन्दा धेरै नगद बोक्न नपाइने नेपाल राष्ट्रबैंकको नियम छ। जसका कारण पर्यटकले खुलेर खर्च गर्न नपाएको व्यवसायीको गुनासो छ। नेपाल उद्योग वाणिज्य सङ्घ मधेस प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले सरकारको गलत नीतिले भारतीय पर्यटकले खुलेर खर्च गर्ने वातावरण नबनेको गुनासो गर्नुभयो।

"हामी नेपालमा पर्यटक भित्र्याउने भनिरहेका छौँ । तर भारतीय पर्यटकलाई भारु २५ हजारभन्दा धेरै रकम बोक्न नपाइने नियमले पर्यटन क्षेत्रको विकासमा अवरोध पुगेको छ", उहाँले भन्नुभयो, "सरकारले तत्काल



यो नियम पुनःविचार गर्नुपर्छ ।" वीरगञ्ज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष सुबोधकुमार गुप्ताले यो प्रावधान खुकुलो बनाउनुपर्ने बताउनुभयो। "पक्कै भारु २५ हजार मात्रै ल्याउन पाउने नियमले केही जटिलता छ ।" उहाँले भन्नुभयो, "पैसा ल्याउन पाउने सीमा बढाएर अन्तरदेशीय भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न आवश्यक छ।"

उहाँले बारा र पर्सामा औद्योगिक, धार्मिक र शैक्षिक पर्यटकलाई आकर्षित गर्नुपर्ने बताउनुभयो । "बारा/पर्सा जिल्लामा विदेशी उत्पादन कम्पनीका सप्लायर्सको बाक्लो उपस्थिति छ । त्यसलाई हामीले औद्योगिक पर्यटनका रुपमा विकास गर्नुपर्छ", उहाँले भन्नुभयो, "हामीले यहाँ शैक्षिक र धार्मिक पर्यटनको समेत विकास गर्नुपर्छ।"

अध्यागमन विभागका अनुसार सन् २०२३ मा नेपालमा हवाईमार्गबाट १० लाख १४ हजार आठ सय ८६ पर्यटक नेपाल आएका थिए । घुम्न आउनेमध्ये सबैभन्दा धेरै भारतीय पर्यटक छन्। भारतबाट तीन लाख १९ हजार नौ सय ३६ जना आएका थिए । सन् २०२४ को मार्च महिनामा एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल भित्रिएका छन् । ती मध्ये भारतीय पर्यटकको संख्या ३० हजार छ सय ९८ रहेको छ। स्थलमार्गबाट आउने भारतीय पर्यटकको संख्या ठूलो भएपनि तथ्याङ्क राख्ने गरिएको छैन।

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवी लामिछाने बिहीबार वीरगञ्जमा आयोजित एक कार्यक्रममा पर्यटकलाई ठाउँठाउँमा चेकिङका नाममा दुर्व्यवहार नगर्न निर्देशन दिनुभयो। "पर्यटकलाई एक ठाउँमा सुरक्षित ढङ्गले जाँच गर्नुस । त्यसपछि पर्यटकलाई निर्वाधिरुपमा आफ्नो क्रियाकलाप गर्ने वातावरण सिर्जना गरिदिनुस्", उहाँले भन्नुभयो, "पर्यटकलाई गल्ली पिच्छे, मोडपिच्छे र होटल पिच्छे जाँच गरेर दुख नदिनुस, त्यसो गर्नु भनेको दुर्व्यवहार गर्नु हो ।" गृहमन्त्री लामिछानेले भारतीय पर्यटकले भारु २५ हजार ल्याउन पाउने विषयमा सरकारले कूटनीतिक ढङ्गबाट आवश्यक समन्वय गर्ने बताउनुभयो ।रासस

# कसले लिने प्रिन्सको हत्याको जिम्मा ?

ब्लग :



श्यामसुन्दर शशि

२०८० साल चैत २६ गते सोमबार दिनको १ बजे २० वर्षीय प्रिन्स महासेठको जनकपुरधाम-४ विश्वकर्मा चोक नजिक बीच सडकमै चक्कु प्रहार गरेर हत्या गरियो। प्रिन्स ज्यान जोगाउन गुहार माग्दै यता- उता भाग्दै प्राणरक्षाको याचना गर्दै थिए । तर पसलेहरु तमासा हेरिरहे । सडकमा साइकल, मोटरसाइकल, जिप, बस, ट्रक र ई-रिक्सा निर्वाध ओहोर-दोहोर गरी रहेका थिए । तर कसैले प्रिन्सको चिच्याहट सुनेनन्। पूर्वतर्फ सय मिटरको दूरीमा विद्यापति चोकमा जनपथ र ट्राफिक प्रहरी डियुटीमा त थिए। तर उनीहरुको ध्यान शिकारतर्फ थियो। हो, मोटरसायकलमा सवार भई गाउँबाट दूध, तरकारी बेच्न आउने, अस्पतालमा भर्ना भएका आफन्तका लागि खाना पुऱ्याउन आउने व्यक्तिहरु पुलिसका शिकार हुन् । खासमा जोसंग लाइसेन्स र ब्लू बुक हुदैनन्। भए पनि जो बोकेर आएका हुदैनन् वा रिन्यु गरेका हुदैनन्। जे, जसो भए पनि प्रिन्सको सार्वजनिक स्थलमा सार्वजनिक रुपमै हत्या भयो। नागरिक समाज र पुलिस टुलुटुली हेरिरहे । ल, भन्नोस् प्रिन्सको हत्या कसले गऱ्यो ? पुलिसकै अनुसार नाइट्रोभेट सेवन गरेर मदहोस बनेका अर्जुन भनिने अजय साहले कि प्रिन्सको ज्यान जोगाउन अघि न आएका नागरिक समाज कि शिकारको खोजीमा विद्यापति चोकमा बसेका सुरक्षाकर्मीहरुले ?

दुइ दिनपछि जिल्ला प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलन आयोजन गरेर प्रिन्सको हत्यामा संलग्न रहेको आरोपमा पक्राउ परेका जनकपुरधाम-४ कै २२ वर्षीय अर्जुन भन्ने अजय साहलाई सार्वजनिक गऱ्यो। पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै सुरक्षा अधिकारीले आत्म विश्वासका साथ भनेका थिए - 'मृतक र हत्या आरोपि दुवै मिल्ने साथी थिए । दुवै जना लागू पदार्थका अम्ली पनि थिए । संगै लागू पदार्थ सेवन गरेर जटहीबाट आउँदै गर्दा बाटोमा झगडा भएको थियो । विश्वकर्मा चोकमा अजयले छूरा प्रहार गरेर प्रिन्सको हत्या गऱ्यो ।' प्रहरी स्रोतका अनुसार-हत्या आरोपि अजय पटके गुण्डा हो । आफूलाई बाहुवली भन्छन्। पटक पटक प्रहरीले समातेको थियो । जेल पनि पठाएको थियो। आदि आदि।

संगै लागू पदार्थ सेवन गर्ने अनि मिल्ने साथीको हत्या गरेको यो पहिलो घटना भने होइन । २०८० कार्तिक ९ गते बिहान ७ बजे जनकपुरधाम वडा नम्बर-२३ बसबिट्टी स्थित राधाकृष्ण मन्दिरदेखि बेलारोडतर्फ जाने सडक छेउको फेकन मुखियाको धान खेतमा जनकपुरधाम उपमहानगरपालिका-२४ सोनापारा बस्ने फुलगेन चमारको २४ वर्षीय छोरा रुपेश चमारको शव फेला परेको थियो। त्यतिबेलाका प्रहरी उपरीक्षक विश्वराज खडकाले रुपेशको हत्या सोनापाडाकै २० वर्षीय पवन सहनी र हरिचन मण्डलले गरेको सार्वजनिक गरेका थिए । सीमावर्ती भारतीय गाउँमा संगै लागू पदार्थ सेवन गरेर फर्केका तीनै साथी बीच मोबाइलमा गीत सुन्ने विषयमा सामान्य विवाद भएको थियो। अनि पवन सहनी र हरिचन मण्डलले रुपेशको हत्या गरेको एसपी खड्काले दाबी गरेका थिए।

> **अधिकारको लागि संघीय सरकारलाई गाली गर्न नथाक्ने मधेश प्रदेश सरकार बढ्दो दुर्व्यसनबारे संघीय सरकारसंग किन चिन्ता राख्न सकेका छैनन् ? संघीय सरकारले यस विकराल समस्या बारे भारत सरकारसंग किन बोल्न सकेका छैनन् ? यस समस्याको समाधान गर्न जनचेतनासंगै सीमावर्ती सरकारसंग सहकार्य गर्नु आवश्यक छ ।**

यसैगरी २०८० साल कार्तिक ९ गते महोत्तरीको पिपरा गाउँपालिका- ५ का जगदिश साहको खेतमा १९ वर्षीय बसन्त पासवानको शव फेला परेको थियो। बसन्तको हत्याको कारण थियो- उनले घाटीमा लगाएको नक्कली सुनको सिक्री। १०० रुपियाँ मूल्य पर्ने नक्कली सुनको सिक्री लुट्न बिहार राज्यको मधुबनी जिल्ला अन्तर्गतको जयनगर बस्ने १९ वर्षीय दीपक मलिक र साहरघाट बस्ने १८ वर्षीय अमित मलिकले बसन्तको हत्या गरेको प्रहरी अनुसन्धानमा खुलेको थियो । बसन्तकै छिमेकमा मावली घर आएका दीपक र अमित गाउँमा लागेको दुर्गा मेला हेर्न सँगै निस्केका थिए। अर्थात् उनीहरु साथी नै थिए।

सीमावर्ती भारतीय बजार पुगेर संगै नाइट्राभेट ट्याब्लेट, फेन्सीड्रिल जस्ता लागू ओषधि सेवन गर्ने, लुकाई छिपाई नेपाल पनि ल्याउने, संगै सिगरेट, गाँजा,रक्सी सेवन गर्ने अनि सामान्य विवाद हुँदा आफ्नै साथीलाई हत्या गर्ने अपराध अचेल ह्वात्तै बढेको छ । आर्थिक वर्ष २०८०/०८१ को पहिलो त्रैमासिकमा मधेशका ८ जिल्लामा ३८ जनाको हत्या भएको प्रहरीको तथ्यांकमा उल्लेख छ। ती हत्यामध्ये मादक पदार्थ सेवन गरेर हत्या गरेको घटनाहरु अधिक छन्।

सीमावर्ती बिहार प्रदेशमा रक्सी निषेधित छ। नेपालमा नाइट्रोभेट टेबलेट र फेन्सीड्रील जस्ता ओषधि चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने प्रावधान छ । तर बिहारमा रक्सीको अभाव छैन, नेपालमा नाइट्रोभेट र फेन्सीड्रिल सेवन गर्नेहरुको संख्या निरन्तर बढ्दै छ। मादक पदार्थ ओसार पसारको लागि सीमावर्ती क्षेत्रमा वार्टर सिस्टम लागु भए जस्तो छ । यताबाट रक्सी लग्नु, उताबाट नाइट्रोभेट टेबलेट, फैन्सीड्रील आदि प्रतिबन्धित लागू पदार्थ पठाउनु।

नेपालमा तीन तहको सरकार छ । तीनै तहको सरकार सडक, बिजुली, खानेपानी, मठ मन्दिर, मदरसा, पोखरी निर्माण, मर्मत तथा सौन्दर्यीकरण जस्ता परियोजनालाई प्राथमिकता दिएका छन् । यस चिल्ला सडकमा हिड्ने युवा पुस्ताबारे कसैको चिन्ता छैन। युवाहरु किन र कसरी दुर्व्यसनमा लाग्दै छन् ? भारतबाट दुई किलो चिनी, किलो, बेसार ल्याउँनेको मोटरी चोटरीको जाँच गर्ने सीमाक्षेत्रका खटिएका सशस्त्र र जनपथ प्रहरी लागू औषधि सेवन गर्न नियमित भारत पुग्ने युवालाई चिन्दैनन् ? चिन्दैनन् भन्ने उनीहरुको तालिममा वा नियतमा दोष मान्नु पर्दछ। स्थानीय जनप्रतिनिधिहरु सीमापारीका जनप्रतिनिधि वा प्रशासनसंग सहकार्य गरेर लागू पदार्थको बिक्री विवतरणमाथि प्रतिबन्ध लगाउन किन सकिरहेका छैनन् ? प्रहरी प्रशासनका उपल्ला अधिकारीहरु काउण्टर पार्टका अधिकारीहरुसंग सहकार्य गरेर पनि सीमावर्ती क्षेत्रमा लागू पदार्थको बिक्री वितरणमाथि रोक लगाउन सक्छन्।

अधिकारको लागि संघीय सरकारलाई गाली गर्न नथाक्ने मधेश प्रदेश सरकार बढ्दो दुर्व्यसनबारे संघीय सरकारसंग किन चिन्ता राख्न सकेका छैनन् ? संघीय सरकारले यस विकराल समस्या बारे भारत सरकारसंग किन बोल्न सकेका छैनन् ? यस समस्याको समाधान गर्न जनचेतनासंगै सीमावर्ती सरकारसंग सहकार्य गर्नु आवश्यक छ।

आजदेखि नयाँ वर्ष २०८१ सुरु हुँदैछ । समस्त पाठकलाई शुभकामना दिन आजको ब्लग लेख्न मन लागेको थियो, तर सकिन । र पनि आफ्ना प्रिय पाठकहरुलाई शुभकामना दिँदै वर्ष २०८१ मा कुनै पनि प्रिन्सलाई बीच सडकमा मर्नु नपरोस् भन्ने कामना पनि गर्दछु। नयाँ वर्ष शुभ होस्॥

# विधिवतरुपमा चैती छठि सुरु

**टुडे समाचारदाता**

जलेश्वर । मधेशमा आस्थाको महापर्व चैतीछठ विधिपूर्वक प्रारम्भ भएको छ।

शुक्रबारदेखि चार दिनसम्म महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायत मिथिलाञ्चलभरि धुमधामका साथ छठोत्सव मनाइन्छ।

छठपर्व महोत्तरीको जलेश्वर, मटिहानी, सुगा, गौशाला, पिपरा, सम्सी, बर्दिबासलगायत अन्य सहरी एवं ग्रामीण क्षेत्रमा रहेका पोखरी तथा नदी किनारमा सूर्यको उपासना तथा पूजाआराधनाका साथ मनाइन्छ । छठोत्सवमा अस्ताउँदो र उदाउँदो सूर्यको विशेष पूजा गरिन्छ। अहिंसाप्रति



मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता हो।

पारिवारिक सुख, शान्ति, समृद्धिका खातिर श्रद्धापूर्वक मनाइने छठोत्सवका क्रममा आज व्रतीहरूले नहा खा अर्थात् नुहाएर भोजन गर्छन्।

पर्वको दोस्रो दिन भोलि शनिबार खर्ना मनाइन्छ। खर्नाका दिन व्रतीहरू दिनभरि उपवास बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कूलदेवताको पूजा गर्छन् र राति अरवा अरबाईन ( नुन नहालेको) खानेकुरा खाने चलन छ।

त्यस्तै षष्ठीका दिन पर्सी आइतबार साँझ गहुँ र चामलको पीठोबाट बनाइएका ठकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाँजर, भोगटे, ज्यामिर, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशय वा नदी नजिक बनाएको छठ घाटसम्म पुग्छन् । षष्ठीका दिन व्रतीहरूले अस्ताउँदो सूर्यको आराधना गर्दै अर्घ्य अर्पण गर्ने परम्परा छ।

त्यसको भोलिपल्ट सोमबार बिहान पुनः छठघाटमा पुगेर अघिल्लो दिनको क्रम दोहोर्याइ सूर्यलाई अर्घ्य दिएर छठसम्पन्न गर्ने रीति छ।

# मधेशमा 'जुडशीतल'को चहलपहल

**टुडे समाचारदाता**

महोत्तरी । मधेसमा जुडशीतल पर्वको चहलपहल छ। मधेसका महोत्तरीसहितका प्राचीन मिथिलाक्षेत्रमा नयाँ वर्षसँगै मनाइने 'जुडशीतल' पर्वको चहलपहल बढेको हो । दुई दिन मनाइने यस पर्वको पहिलो दिन वैशाख सङ्क्रान्तिको दिनलाई 'सतुवाइन' र भोलिपल्ट (वैशाख २ गते) लाई 'जुडशीतल' भन्ने चलन छ।

मैथिल (मिथिलाका बासिन्दा) अहिले पर्वका सामग्रीको जोहोमा लागेका छन्। जुडशीतल पर्वको पहिलो दिन जौ, चना, कङ्ना, मकै, गहुँसहितको सातु र सक्खरमा बनाइएको सातु ब्राह्मणलाई दान गरी खाने चलन छ । नयाँ वर्षमा हिलो दलादल गरेर खेल्दै अनिकाल नपरोस् भन्ने कामना गरिन्छ।

सहकालको कामनासाथ मनाइने यसपर्वमा खेतबारीका बिरुवामा पानी सेचन गरिन्छ । यस पर्वमा स्वस्थ्यकर शीतल भोज्यपदार्थको प्रयोग गरिन सन्देश रहेको पाका मैथिल बताउँछन्। पर्वमा पहिलो दिन सातु र सर्वत दान गर्ने र खाने चलनले गर्मीयाममा यी खाद्यपदार्थ प्रयोगमा जोड दिने शिक्षा छ। दोस्रो दिन घरका श्रेष्ठजनले परिवारका सबै सदस्यको शिरमा जल सेचन गर्दै जीवनमा शीतलताको आशीर्वाद दिन्छन्।

यसैगरी दोस्रो दिनको मुख्य परिकार करी-बरी (दही मोथेर पकाइने करिमा चनाको पिठोमा बनाइएको बरी (फुरौला) हालेर बनाइने परिकार) हो । यस दिन मुन्गा (सोहिजन) को तरकारी, काँचो केरा र लौकाको तरुवा र दही खाने/ ख्वाउने गरिन्छ। पर्वले गर्दा अहिले स्थानीय बजारमा सोहीजन, लौका, काँचो केरा, दही, दूध र चनाको बेसन (पिठो) को खुबै बिक्री बढेको छ ।नयाँ वर्षको अवसरमा अहिले वनभोज खान जाने समूह पनि भोलिको तयारीमा जुटेका छन्।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : बौद्धिक क्षमता। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : धन वृद्धि सञ्चय। |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# शुभकामना आदानप्रदान



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपाल मिथिलाबिहारी नगरपालिका नगर समितिद्वारा नयाँ वर्ष २०८० को शुभकामना आदानप्रदान गरेको छ । सोसंगै युवा समितिसमेत गठन गरेको छ ।

मिथिलाबिहारी नगरपालिका नगर समितिको अध्यक्ष सिता यादवको अध्यक्षता तथा जसपा नेपालका राजनीति समिति सदस्यद्वय महाजन यादव, चन्देश्वर सदा, उर्मिला साह तथा संघीय परिषद् एवं लेखा समिति सदस्य बलराम महतोलगायतकाले नयाँ वर्षको अवसरमा शुभकामना दिएका थिए ।

सो शुभकामना कार्यक्रममा बोल्दै जसपाका राजनीतिक समिति सदस्य महाजन यादवले देशमा संघीयता र संविधानमाथि खतरा रहेको बताए । उनले संघीयता र संविधानको रक्षाका लागि पहिचानवादीहरुले एकजुट भएर अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताए ।

**युवा समिति गठन**

सो कार्यक्रममा समाजवादी युवा संघ मिथिलाबिहारी नगर समितिका संयोजक राजेन्द्र यादवको नेतृत्वमा १७ सदस्यीय समिति गठन गरेको छ ।

सो समितिको सदस्यहरुमा संजिव यादव, दिलिप यादव, हिरालाल यादव, बिजयकुमार यादव, राजुकुमार यादव, शैलेन्द्र यादव, कुलदिपकुमार यादव, प्रमोदकुमार रजक, उपेन्द्रकुमार मईल, जितन यादव, मनोजकुमार यादव, बलरामकुमार यादव, रबिकुमार मुखिया, रामु यादव, सरोज यादव र रोशन यादव रहेका छन् ।

सो समिति गठन कार्यक्रममा जसपा केन्द्रीय सदस्य चमेलीदेवी दास, हरिनारायण यादव, धनुषा जिल्ला संगठन विभाग प्रमुख सत्रुधन यादव, जिल्ला सदस्य विजय यादव समाजवादी युवा संघका जिल्ला अध्यक्ष दीपेन्द्र कापरीको सहभागिता रहेको थियो ।


# स्थानीयलाई वडाअध्यक्षले कुटेको आरोप

**टुडे समाचारदाता**

वीरगञ्ज । गुनासो गर्न गएका स्थानीयलाई वडाअध्यक्षले रुखमा बाँधेर कुटेको घटना सार्वजनिक भएको छ ।

गुनासो गर्न गएका सेवाग्राहीलाई जगरनाथपुर गाउँपालिका वडा नम्बर २ लक्ष्मीपुरमा वडाअध्यक्ष नेपाली प्रसाद कुशवाहाले कुटपिट गरेको पीडितले जनाएको छ । स्थानीय अमिर मियाँ गद्दीलाई वडाअध्यक्षले कुटपिट गरेको पिडितको भनाइ छ ।

वडाको सडक विस्तारको क्रममा घरको केही भाग भत्काइएको बारे गुनासो गर्न वडाअध्यक्षको घरमा शुक्रबार बिहान गद्दीजाँदा उनलाई वडाअध्यक्ष कुशवाहाले रुखमा बाँधेको बताइएको छ । अन्य वडावासीको घर नभत्काइ आफ्नो घरमात्र किन भत्काइएको भन्दै गद्दीले प्रतिवाद गर्दा वडाअध्यक्ष कुशवाहालगायतकाले रुखमा बाँधी आफूलाई कुटपिट गरेको पीडित पक्षको भनाइ छ ।



वडाअध्यक्ष कुशवाहालाई गद्दीले गाली गलौज गर्दै कठालो समातेपछि कुशवाहाका परिवारजन तथा छिमेकीहरुले पीडित गद्दीलाई नियन्त्रणमा लिएर रुखमा बाँधेपछि इलाका प्रहरी कार्यालय जानकी टोलको जिम्मा लगाएको वडाअध्यक्ष पक्षको प्रतिक्रिया दिएका छन् ।

# क्षयरोग निवारण सम्बन्धी सचेतना

**टुडे समाचारदाता**

जनकपुरधाम । क्षयरोग निवारण सम्बन्धी वडा स्तरीय सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल क्षयरोग निवारण समिति धनुषाको आयोजनाको शुक्रबार जनकपुरधाम उपमहानगरपालिका वडा नम्वर १० मा सचेतना कार्यक्रमको आयोजना गरिएको थियो ।

क्षयरोग निवारणसम्बन्धी सचेतना कार्यक्रममा बोल्दै जनकपुरधाम उपमहानगरपालिका वडा नम्वर १० का वडा अध्यक्ष मिथिलेश कर्णले धुलोधुवासहितको प्रदुषणले क्षयरोगीहरु बढ्दै गएको बताए ।

नेपाल क्षयरोग निवारण समिति धनुषाका उपाध्यक्ष मोहम्मद असगर अलिको अध्यक्षतामा सम्पन्न सचेतना कार्यक्रम सम्पन्न भएको थियो ।

# सिँचाइका लागि तटबन्ध निर्माण

**टुडे समाचारदाता**

मलंगवा । चुरे क्षेत्रका किसानलाई सिँचाइ सुविधा पुर्याउने उद्देश्यसहित 'रन अफ हार्वेष्टिङ ड्याम' (तटबन्ध) निर्माण सुरु भएको छ ।



सलार्हीको हरिवन नगरपालिका-१ भएर बग्ने कोठीखोलामा तटबन्ध निर्माण सुरु गरिएको हो । चुरेका किसानको खेतखेतमा पानी पुर्याउने लक्ष्यसहित तटबन्ध निर्माण सुरु गरेको कोठीखोला चुरे संरक्षण उपभोक्ता समितिका अध्यक्ष रामबहादुर बम्जनले जानकारी दिएका छन् । तटबन्ध निर्माणपश्चात् यस क्षेत्रको छ सय बिघा बढी खेतमा सिँचाइ सुविधा पुग्ने उहाँले बताए ।

तटबन्ध बनेपछि हरिवन नगरपालिका-१ अन्तर्गत कोठीखोलामा सुक्खा क्षेत्रमा बाह्रैमास पानी पुग्नेछ । राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइअन्तर्गतको बजेटबाट तटबन्ध निर्माण थालिएको हो । तटबन्ध निर्माणका लागि उपभोक्ता समितिको रु तीन लाख ९३ हजार ६१७ श्रमदान र कार्यालयको ३४ लाख ५६ हजार गरी कुल ३८ लाख ४९ हजार ६१७ खर्च हुने अनुमान छ।

खोलामा ४५ मिटर लामो आरसिसी हार्वेष्टिङ ड्याम र ३० मिटर लामो अर्देन ड्यामको संरचना निर्माण गरिने उपभोक्ता समिति अध्यक्ष बम्जनले जानकारी दिए । योजना सम्झौताअनुसार कोठीखोला चुरे संरक्षण उपभोक्ता समितिले २०८१ असार ६ गतेभित्र काम सम्पन्न गर्नुपर्नेछ ।

# एपीएफ र फ्रेण्ड्स क्लब बीचको खेल स्थगित



**टुडे समाचारदाता**

सिमरा । सिमरामा जारी जगदम्बा स्टिल १४ औं जितपुर सिमरा गोल्डकपको अन्तिम क्वाटर फाइनल खेल तीव्र हावाहुरीका कारण स्थगित भएको छ ।

बिहीबार सिमरा रंगशालामा सशस्त्र प्रहरीको विभागीय टिम एपीएफ र फ्रेण्ड्स क्लब बीच खेल चल्दै गर्दा तीव्र गतिमा हावाहुरी चलेपछि आयोजक र अफिसियलले खेल स्थगित गरेको छ ।

दोश्रो हाफको १३ औं मिनटपछि रेफ्रि उमेश विडारीले खेल स्थगित भएको जनाए । सिमरा रंगशालाको फ्लड लाइटमा खेल चलिरहँदा एक्कासी तीव्र गतिमा हावाहुरी आएको थियो । रंगशालामा राखिएको होडिङ बोर्ड उडेर लाग्दा एकजना दर्शक घाइते समेत भएका छन् ।

# कार नहरमा खस्दा एकको मृत्यु, १० घाइते

**टुडे समाचारदाता**

राजविराज । ईद पर्वको अवसर पारेर कारमा घुम्न हिडेका एकै परिवारका ११ जना बिहीबार राति एक्कासी आएको हावाहुरीमा एकको मृत्यु भएको छ भने १० जना घाइते भएका छन् ।

दुर्घटनामा एक बालकको ज्यान गएको छ भने १० जना घाइते भएका छन् । सप्तरी प्रहरीका अनुसार प्रदेश३-०१-०२२च.१३५० नम्बरको सुजुकी कारमा घुम्न निस्केका हनुमाननगर कंकालिनी नगरपालिका- १२ बस्ने सल्मान अलिका परिवार दुर्घटनामा परेका छन् ।

कोशी ब्यारेज घुमेर घर फर्किंदै गर्दा राति ९ः२० बजेतिर सो कार हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ सकरदहीस्थित कोशी नहरमा खस्दा एकको मृत्यु र १० जना घाइते भएको प्रहरीले जनाएको छ ।



सो समयमा एक्कासी चलेको हावाहुरी र कारमा अत्याधिक भारका कारण चालकले नियन्त्रण गुमाउँदा सो दुर्घटना भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

दुर्घटनामा सल्मान अलिका ५ वर्षीय छोरा गम्भीर घाइते भइ उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरेको सप्तरीका प्रवक्ता तथा डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

यस्तै दुर्घटनामा सल्मान अली, उनका ४ वर्षीय कान्छो छोरा आशिक अलिसहित १० जना घाइते भएको र उनीहरुको बिराटनगरमा उपचार भइरहेको उनले बताए । दुर्घटनाको खबर पाएलगत्तै पुगेको प्रहरी टोलीले घाइतेहरुको उद्दार गरी अस्पताल पुऱ्याएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक नेउपानेले बताए ।

अचानक चलेको हावाहुरीका कारण बाटो देख्न नसकेर चालकले नियन्त्रण गुमाउँदा सडकभन्दा करिब १२ फिट तल कोशी नहरमा खसेर कार दुर्घटनाग्रस्त भएको स्थानीयहरुले बताएका छन् ।

ईदको अवसरमा घुम्न निस्केका पुरै परिवार घर नपुग्दै दुर्घटनामा परेको खबरले सो वडा नै शोकमग्न बन्न पुगेको छ ।

# गतिरोध अन्त्य गर्न सरकार जिम्मेवार हुनुपर्ने निधीको भनाई

**टुडे समाचारदाता**

जनकपुरधाम । संघिय सांसद बिमलेन्द्र निधिले प्रतिनिधिसभामा पछिल्लो समय उत्पन्न गतिरोध अन्त्यका लागि सरकार नै जिम्मेवार हुनुपर्ने बताएका छन् ।



शुक्रबार संचारकर्मीहरुलाई प्रतिक्रीया दिदै उनले आमचासो र सरोकार रहेको सहकारी समस्यासम्बन्धी छानबिनका लागि प्रतिपक्षले उठाइरहेको माग सम्बोधन गर्न सरकारले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका छन् ।

नेपाली कांग्रेसका पूर्वउपसभापतिसमेत रहेका नेता निधिले सरकार सहकारी समस्याबारे छानबिन गर्न संसदीय समिति बनाउन तयार नभए उसैले नै संसद् अवरोध गर्न चाहेको पुष्टि हुने उनको भनाइ थियो ।

"संसदीय प्रणालीको प्रभावकारिता र सक्रियताका लागि संसद्ले महत्वपूर्ण विषयमा संसदीय छानबिन समिति बनाउनु स्वभाविक प्रक्रिया र अभ्यास हो । देशमा भइरहेको भ्रष्टाचार, अनियमितता र जनसरोकारका सवालमा संसदीय छानबिन समिति बनाउने कुरा यो प्रणालीको विशेष चरित्र पनि हो", नेता निधिले भने ।

त्यस्तै केन्द्रमा सरकार बदलिने वित्तिकै प्रदेश तथा स्थानीय तहसम्मका संरचनामा प्रभाव गर्नु सङ्घीयताको मर्मविपरीत भएको उनको भनाइ थियो ।

पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री निधीले यस विषयमा दलहरूले गम्भीर समीक्षा गर्नुपर्नेमा बताउदै प्रदेशको अस्थित्वमाथि प्रश्न उठिरहेका बेला परिवर्तनका पक्षधर दलहरू आफैले अस्थिरता निम्तिने गतिविधि गर्नु शोभनीय नभएको बताए ।

त्यस अवसरमा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले उपमहानगरपालिकाले संचारलाई विशेष महत्व दिएर काम गरिरहेको भन्दै आगामी दिनमा थप समन्वय र सहकार्य गर्न आफूहरू तयार रहेको बताए । नेता निधीसंगै धनुषाका प्रमुख जिल्ला अधिकारी राजुराज कडरीयालगायतको सहभागिता थियो ।

# टिपरमा ठोकिदाँ मोटरसाइकल चालकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा टिपरमा ठोकिदाँ एक मोटरसाइकल चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सिरहाको गोलबजार नगरपालिका वडा नम्बर ६ बस्ने ४२ वर्षीय इन्द्रदेव यादव रहेको धनुषा प्रहरीले जनाएको छ ।

धनुषा प्रहरी प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले दिएको जानकारी अनुसार बिहीबार धनुषाको धनुषाधाम नगरपालिका वडा नम्बर ३ स्थित पुरनदाहाबाट धारापानी तर्फ जाँदै गरेको ना ७ ख १६६८ नम्बरको टिपरमा सोही दिशातर्फ जाँदै गरेको प्रदेश २-०१-००३ प ३८२२ नम्बरको मोटरसाइकल ठोक्किएको थियो । गम्भीर घाइते भएका मोटरसाइकल चालक यादवको उपचारको क्रममा प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको उनले बताए ।

टिपर र टिपर चालक उदयपुरको कटारी नगरपालिका ५० वर्षीय चेतकुमार श्रेष्ठलाई नियन्त्रणमा लिइएको उनले बताए ।

## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण देशवासी, नगरवासीमा सुख, शान्ति, सुस्वास्थ्य दिर्घायू एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**प्रभाकर प्रसाद साह**
उप-सभापति

**तारा चन्द्र प्रसाद साह**
सभापति

एवं

**श्री धर्म संस्था (राम स्वरूप साह राम सागर साह)**
मिल्स एरिया, जनकपुरधाम-१ परिवार



# राजा सलहेस




रामभरोस कापडि भ्रमर

मैथिली लोकगाथाका सर्वाधिक चर्चित र लोकप्रिय जननायक सलहेस महिसौथा (सिराहा, नेपाल)का बासिन्दा थिए । उनी पकडियागढमा राजचौकिदार थिए । देवीदुर्गाका अनन्य भक्त थिए, मल्ल युद्धमा पारङ्गत थिए । प्रायजसो प्रत्येक दिन कमलदह/मानिकदहमा स्नान गर्दथे, राजफूलबारीमा फूल टिप्थे, देवीदुर्गाको पूजा-अर्चना गर्दथे र नजिकैको सिलहट अखाढामा कुश्ती खेल्दथे ।

एकचोटी पकडियागढकी राजकुमारी चन्द्रावती फूलबारीमा सलहेसलाई देखेपछि मोहित भै प्रेम प्रस्ताव प्रस्तुत गर्दछिन् । सलहेस बिवाहित थिए । प्रस्ताव अस्वीकार गर्दछन् । चन्द्रावती आफ्नो बुआलाई सलहेसको चरित्र प्रति आक्षेप लगाउँदै कुरा लगाउँछिन् । सलहेस समातिन्छन् । चन्द्रावतीको सुरक्षामा खटिएका चूहडमललाई हटाएर सलहेसलाई राखिन्छ । चूडहमल आफ्नो अपमानको बदला लिन आफ्नो घर मोकामाबाट देवीदुर्गाको आशिर्वादबाट सुरुङ खन्छन् र रातीमा सुतिरहेको अवस्थामा चन्द्रावतीका सबै गरगहना चोरेर भाग्छन् । चौकिदारीमा रहेका सलहेस समातिन्छ र जेल पठाइन्छ ।

सलहेस प्रति आशक्ति राख्ने विराटनगर/तरेगनागढकी चारजना राजकुमारीमध्ये दौना मालिन यो खबर सुनेपछि बढी मर्माहत हुन्छिन् र राजदरबारमा आएर कागज गरी केही समयको लागि सलहेसलाई मागी सबै गरगहना साथ चोर समाति ल्याई दिने वचन दिन्छिन् । राजा पत्यार गरी सलहेसलाई जिम्मा लगाई दिन्छिन् । दोना मालिक आफू नटिन र सलहेसलाई नट बनाई मोकामा पुग्छिन् र आफ्नो माया जालमा चूहरलाई पारी सबै गहनासहित राजदरबारमा हाजिर गराउँछिन् । राजा प्रसन्न भै सलहेसलाई मुक्त गर्दछन् ।




**गाथा प्रस्तुतिको स्वरूप-**

सलहेस गाथाको प्रस्तुति दुई किसिमबाट गरिन्छ । एक गायनद्वारा र अर्को मञ्चमा प्रस्तुत गरेर । मञ्चमानाचद्वारा यसको प्रस्तुति हुन्छ । चार-पाँच रातसम्म पनि निरन्तर नाच प्रदर्शन गरेपछि पूरा गाथाको कथानक टुङ्गो लाग्छ । तर यसको वास्तविक स्वरूपको रक्षागायनमा मात्र हुन सकेको छ । आज सयौँ वर्षदेखि लोककण्ठमा सुरक्षित यो गाथा सर्वप्रथम जार्ज ग्रियर्सनद्वारा 'क्रिष्टोमैथी' (१८८१ ई.)मा प्रकाशित भयो र आज एक सय एकतीस वर्षपछि डा. महेन्द्रनारायण राम (साहित्य अकादमी, भारत)ले यसको पूर्ण पाठ प्रकाशित गर्न भ्याए । अन्य सङ्कलनहरू दस्तावेजको रूपमा रहे पनि जनसाधारण साधकहरूको लागि उपलब्ध छैनन् ।

यो लोककण्ठमा बास बस्ने भएको र गायकहरू आफ्नो कण्ठलाई रोचक र प्रभावकारी रूपमा प्रस्तुत गर्न उपकथाहरू, पात्रहरूमा अतिमानवीय विशेषताहरू थप्दै गाथाको स्वरूपमा अनेक परिवर्तन, परिबर्द्धन गरेका छन् । अनेक ठाउँमा गाथागायकहरूद्वारा गाइने गाथाको कथानकमा भिन्नता देखिएको छ । तर पनि मूलकथामा सबै ठाउँमा एउटा समानता छ- राजा सलहेस नेपालको महिसौथाको बासिन्दा थिए, पछि त्यहाँका राजा भए, जसको प्रभाव क्षेत्र उत्तरमा मोरङ देखि दक्षिणमा गङ्गासम्म विस्तार भएको थियो ।

**राजा सलहेसको समय-**

लोकगाथाका यी अमर पात्र सलहेस आफ्नो प्रभाव क्षेत्रमा बसेका जनताकालागि शोषण, अत्याचार र सामाजिक अराजकताको विरुद्ध निरन्तर सङ्घर्षरत थिए । सलहेसलाई दुसाध जातिको भनिन्छ । प्राचीन समयदेखि नै दुसाधहरू शूरवीर हुन्थे । त्यसैले सुरक्षाको जिम्मेवारी पाउँथे । सलहेस पनि प्रारम्भमा पहरेदार नै थिए । पछि आफ्नो सेनाको गठन गरी उत्तरतिरबाट तिब्बत र किरातहरूको आक्रमणको वीरतापूर्वक सामना गरेका थिए र आफ्नो समाजलाई स्वाभिमानीपूर्वक जिउने वातावरण दिए । लोककल्याणका चमत्कारिक काम पनि गरेको हुनाले यिनी देवताको रूपमा पूजित हुन थाले । सलहेसको समयमा जादू-टुना, तन्त्र-मन्त्रको प्रगाढ प्रयोग भैरहेको थियो । आफ्नो स्वरूप परिवर्तन गर्ने, अरूको स्वरूप परिवर्तन गरिदिने, आकाशमा उड्ने, अदृश्य हुने, पशुपंक्षी पनि मानव जस्तै बोल्ने जस्ता अलौकिक त्रियाहरू सम्पन्न हुने गरेको कारण विद्वान्‌को एउटा वर्ग सलहेसको समय छैठौं-सातौं शताब्दी ठान्दछन् । त्यसबेला मालिनीहरूको चर्च आएको र तिनीहरू मन्त्रमा सिद्ध भएकोले पनि यस तर्कलाई अघि बढाएका छन् । हर्षबर्द्धनको मृत्युपछि मिथिलामा आएको अराजक अवस्थाकै उपजहो सलहेस । त्यस्ता विद्वान्‌को मत रहेको छ । डा. मणिपद्म आफ्नो उपन्यास 'राजा सलहेस'मा यसै मतको प्रतिपादन गर्नुभएको छ । यसै समयका नालन्दाको सेरोफेरोमा बस्ने चौरासी सिद्धहरू वास्तवमा सिद्ध तान्त्रिकहरू थिए । उनका कविता, पदहरूमा जीवनका गूढ रहस्यहरू प्रति पादित भएका छन् । तन्त्रमन्त्रको बिगबिगी त्यति बेला थियो, यो प्रामाणिक हो ।

तर यस मत बारे विचार गर्नु अघि त्यो सातौं-आठौं शताब्दीको समयतिर विचार गर्नुपर्ने देखिन्छ । त्यसबेला नेपालमा लिच्छवी वंशको पुनर्स्थापना भै नरेन्द्रदेव (वि.सं. ६९९-७३५) राजा थिए । उता कनौजका सम्राट हर्षबर्द्धन राज्य गर्दथे, जसको प्रभाव क्षेत्र वैशाली हुँदै नेपालको सीमासम्म रहेको इतिहासकारहरू बताउँछन् । बज्जी संघमा रहेकोले मिथिला पनि उनकै अधिनमा थियो । हर्षबर्द्धनले चीनसँग राम्रो सम्बन्ध विकसित गरेका थिए । वि.सं. ७०३ तिर वाङ्युन्चेको नेतृत्वमा चिनियाँ दूत मण्डलले उपहार सामग्री साथ सम्राट हर्षबर्द्धनको दरबारमा जाने बेलामा हर्षबर्द्धनको मृत्युपछि सत्ता कब्जा गरी शासक बनेका महामन्त्री अरुणाश्वले उनीहरूलाई रोकी अपमान गरे, घोडसवार दूतहरूलाई बन्दी बनाएवा मारे । चिनियाँ मूलदूत वाङ चुन्चे भागेर नेपाल हुँदै चीन गएपछि पुनः नेपाल, तिब्बत र आसामका सेनासाथ आक्रमण गरी अरुणाश्वलाई बन्दीबनाई चीन लगे । यो ६४६-६४७ ई. तिरको घटना हो । त्यसपछि त्यो राज्यमा अराजकताको अवस्था आयो । इतिहासकारहरू लगभग ५०-६० वर्षसम्म चीनकै निमन्त्रणामा त्यो क्षेत्र रहेको तर्क दिन्छन् । यस बीच राजा नरेन्द्रदेवको ६७९ ई.मा मृत्यु भैसके पछि कान्छा छोरा शिवदेव द्वितीय (वि.सं. ७४२-७६०) नेपालका राजा भए । राजा शिवदेवको तिब्बतसँग राम्रो सम्बन्ध थिएन । सिल्भन लेभीले सन् ७०२ मा राजा शिवदेव द्वितीयले तिब्बतमाथि आक्रमण गरेको उल्लेख गरेका छन् । चिनियाँ वृतान्तमा सन् ७०४-५ मा नेपालले आक्रमण गर्दा तिब्बतका राजा मारिएको भनिएको छ । भनिन्छ त्यसपछि पुनः यो क्षेत्र स्वतन्त्र भएको र स-साना राज्यहरूमा सङ्गठित भै आफ्नो अस्तित्व जोगाई राख्यो । उनी दुसाध जातिका थिए । जबकि लिच्छवीकालीन समाजमा "चार वर्ण र अठार जात"को प्रसङ्ग आएको छ, जसमा किरात, कोली, मल्ल, वृजिक, लिच्छवी, गुप्त, शाक्य आदि आज पूर्णतःलोप भैसकेका छन् । तर त्यतिबेला दुसाध भनि कुनै जातको अस्तित्त्व देखिएन । त्यसपछिको इतिहास मध्यकालको पूर्वसम्म अर्थात् ९०० ई.सम्म अँध्यारोमा रहेको देखिन्छ । मिथिलाको यस्तो राजनीतिक अवस्थामा सलहेसको उदय भएको उपयुक्त देखिँदैन ।

सलहेसको समय सन्दर्भमा अझ केहीमतहरू आएका छन् । मिथिलामा व्याप्त अराजकता पछि कर्णाट शासनको प्रारम्भ (वि.सं. ११५४) हुँदा फेरि यो क्षेत्र एउटा सङ्गठित र सुशासित शासनाधीन हुनआयो । भनिन्छ यसै अवधिमा लोकनायक सलहेसको जन्म र व्यक्तित्व विकास भएको हो । गिद्घौर (भारत)का राजा इन्द्रद्युम्नको पलायन पछि त्यसका सेनापति हरबा-बरेवाले सत्तामा बसे, जो दुसाधवंशी राजा भए । यसका राजाहरू ११९८ ई. देखि १२६६ ई.सम्म ६८ वर्ष राज्य गरे ।

तेह्रौं शताब्दीसम्म जाति व्यवस्थाको स्वरूप स्पष्ट भैसकेको थियो । सलहेस सम्बन्धमा कनिंधम र गैरिकले पनि लेखेका छन् । उनको भनाईमा हरबा-बरबा सलहेसका साथी थिए, जो लोरिकसँग लडेर परास्त भएका थिए । यद्यपि सलहेस बारेमा यिनीहरूको कथननिकै अन्तर साथ प्रस्तुत भएको छ । तर यिनले पनि मोतिहारी (भारत) बाट ५ माइलउत्तर-पूर्वमा बूढी गंडकको उत्तरी छेउमा नौनाचोरगढ भनेको पुरानो किल्ला रहेको र यो दुसाध राजा नोनाचौरको हो भनी लेखेका छन् । यसरी यो सिद्ध हुन्छ बाह्रौं-तेह्रौं शताब्दी तिर दुसाध जाति शासक कबिलाको रूपमा स्थापित भैसकेको थियो ।

अब नान्यदेवको कर्णाट शासनतिर ध्यानदिउँ । ११९७ ई. मा उनी कर्णाट शासनको प्रारम्भ गरे । मिथिला पुनःआफ्नो जीवन्तता प्राप्त गर्न थाले । कर्णाट शासक रामसिंह देव (१२२७ ई.-१२७२ ई.) सम्म आउँदा आउँदै स्थानीय स्तरमा ग्राम प्रमुखको व्यवस्था गरिएको कुरा देखिन्छ । स-साना गाउँहरू मिलाएर एउटा समूहको गठन गरी त्यसको सुरक्षा जिम्मा दिने प्रचलन थियो । यसरी तथ्यहरू हेर्दा राजा राम सिंहकै पालामा सलहेसको उदय भएको र उनी ग्राम रक्षक हुँदै तत्कालीन पकडियागढ राज्यका सुरक्षा प्रमुख (चौकिदार) भएका थिए । गाथागायकहरू राजा सलहेसलाई आफ्नो सौर्य-वीरताले गर्दा महिसौथा राज्यको राजासम्म भएको वर्णन गर्ने गरेका छन् । यो समय बढी समीचीन देखिन्छ ।

एउटा अर्को मतमा कर्णाट राजा हरिसिंह देवको समयमा मैथिली भाषाको प्रथम गद्यग्रन्थ 'वर्णरत्नाकर'को रचना ज्योतिरीश्वर ठाकुरले १३२४ ई. तिर गरेका थिए । उक्त ग्रन्थमा 'लोरिकनाच'को चर्च छ तर सलहेसको चर्च भएको छैन । त्यसैले सलहेस त्यसपछि चौधौं शताब्दीको अन्त्य वा पन्ध्रौं शताब्दीको शुरूमा भएको हुन सक्ने अनुमान गरिएको छ । तर त्यतिबेला राजदरबारमा संस्कृत पण्डितहरूको बर्चश्व रहेकोले दुसाध जस्ता तल्ला जातका नायक व्यक्तित्व बारे लेख्न आवश्यक नठानेको हुन सक्तछन् । किनभने आजका मितिमा पनि १८८१ ई. मा जार्ज ग्रियर्सनले सलहेस गाथालाई लिपिबद्ध नगरेको भए कोही शास्त्रीय लेखकहरू (शिष्ट साहित्यका प्रणेताहरू !) लेख्ने थिएनन् । त्यति मात्र नभै आजसम्मको एक सय एकतीस वर्ष भित्र पनि एक जना डा. महेन्द्रनारायण राम (सहलेसका स्वजातीय) बाहेक कसैले पनि सलहेस गाथाको उद्धार गरी लिपिबद्ध गर्ने साहस देखाउनु भएको छैन ।



त्यस्तै नेपालका पुरातत्त्वविद् तारानन्द मिश्र सलहेस गाथामा आएको महेश्वर भण्डरीको चर्चाको ऐतिहासिक साक्ष्यको आधारमा पृथ्वीनारायण शाहको समयसम्म ल्याउँदै सलहेस गाथालाई शाहकालको मध्यभाग वि.सं. १८३० (ई.सं. १७७९) मा हुने तथ्य निरुपण गरेका छन् । लगभग एक सय वर्षपछि जार्ज ग्रियर्सन सलहेस गाथाको प्रसङ्ग छापे र उनी दुसाध जातिद्वारा यसको पुज्ने गरेको कुरा पनिभने । पचास-सय वर्षसम्म अभ्यन्तरमा उनी महानायकबाट देवतासम्म हुन पुग्दछन् । त्यो त्यति सम्भव लाग्दैन । त्यसले गर्दा पनियसमा बढी विश्वस्त हुन सकिँदैन ।

**उपसंहार-**

मैथिली लोकगाथामा सलहेसको स्थान यसकारण पनि विशिष्ट रहेको छ कि यसको प्रचार-प्रसार निकै विस्तृत भूभागमा फैलिएको छ र यस गाथामा वर्णित स्थानहरू आजसम्म पनि वर्तमान रहेका छन् । यस्ता स्थानहरूमा महिसौथा (सलहेसको जन्म स्थान), सलहेस फूलबारी (राजाफूलबारी, जहाँ सलहेस पूजा गर्न फूल टिप्थे), मनिकदह (जहाँ सलहेस नित्यनुहाउँथे), पकडियागढ (जहाँको दरबारमा सलहेस चौकिदार थिए), कमलदह (जहाँ परीद्वारा सलहेसलाई जन्मदिई छाडिएको विश्वास गरिन्छ), त्रिवेणी (कमला, बैजनी र ताउखोलाको संगममा प्रत्येक वर्ष मेला लाग्ने ठाउँ), जहाँ सलहेसकी बहिनी वनसप्ती सतखोलियाका राजा शैनि प्रति मुग्धभई पछि बिहे गरेकी), ननमहरी (यहाँ रहेको मन्दिरमा सामान्य व्यक्तिको प्रवेशमा लागेको प्रतिबन्ध सलहेसले फुकुवा गराएका थिए), मोरङ (गाथामा हिन्दु पति महेश्वर भण्डारीको राजधानी जसकी चारवटी छोरी मालिन सलहेससँग आजीवन प्रेम गर्दै कुमारी बसिन्) बराटपुर (मधुबनी जिल्लाको बासोपट्टि निर अवस्थित स्थान, राजा सलहेसको ससुराली), सिलहट अखाढा (सलहेस कुश्ती खेल्ने अखाढा) आदि ठाउँहरू महिसौथा नजिक नै छन् । अधिकांश सिराहा जिल्लामा पर्दछन् ।

**राष्ट्रिय विभूति**

गाथाको बनौट र जननायक सलहेसको अवस्थिति, तिब्बत र किरातसँगको युद्धमा प्रदर्शित गरिएको बहादुरी जस्ता प्रसङ्गले पनि लोक नायक राजा सलहेसलाई नेपालको राष्ट्रिय विभूतिको रूपमा स्वीकार गर्नु पर्दछ । सिराहा जिल्लामा रहेका सलहेस सम्बन्धित स्थलहरूको संरक्षण-सम्बर्द्धन गर्नुपर्दछ । शुरूमा एउटा सामान्य सुरक्षा अधिकारी (चौकिदार, राज्यप्रहरी)बाट आफ्नो जीवनयात्रा शुरू गरेर नेपाल-भारतको मैथिली भाषी क्षेत्रमा 'रोबिनहुड' जस्तो कृतित्व-व्यक्तित्व स्थापित गरी दुसाध जातिमा देउताको रूपमा पूजित हुन पुग्नु सामान्य कुरा होइन । जार्ज ग्रियर्सनले लेखे जस्तै- "Throughout Tirhut Salhesa shtans can be seen under the village Pipal tree, composed of a raised mud platform surmounted by mounted figures made of clay, representing the various chapectors of the song" निकै लामो समयदेखि समाजको लोककण्ठमा बास बस्दै आएको सहलेसको कथाले सम्पूर्ण समाजलाई प्रभावित पार्दै जानु, दुसाधहरू देवताको रूपमा स्वीकार गर्नसक्नु यस लोकगाथाको प्राचीनता, विश्वसनीयता र अन्ततः ऐतिहासक प्रमाणित गर्दछ । वर्ण व्यवस्थाको प्रारम्भिक दौरमा समाजमा शोषित, गुलाम, दास बनाउने प्रवृत्ति, सामन्तहरूको अत्याचार, जनपदीय राजाहरूको धन, प्रतिष्ठाको लालशाले निरन्तर एक-अर्कामाथि आक्रमणको सिलसिलामध्ये आफ्नो दलित, शोषित समाजको लागि सौर्य र तेजद्वारा नयाँ वातावरणको निर्माण गर्नसक्नु नै राजा सलहेसको व्यक्तित्वको उचाईलाई परिभीषत गर्दछ ।

तत्कालीन पकडियागढमा अराजकता व्याप्त थियो । दक्षिणतिरबाट सामन्त चूहडमलको दबाब थियो भने पश्चिमतिरबाट नारायण पहलमानको आतङ्क । चूहरलाई पकडियागढ माथि आक्रमण गरेर श्रीसम्पत्ति लुट्नुको अतिरिक्त राजा र राजकुमारीलाई अपमानित गर्नु थियो भने नारायण पहलमान नन्दमहरी (अहिले ननमहरी) पहाडी क्षेत्रमा स्थित अत्यन्त सम्पन्न शिव मन्दिरमा कर लगाई दर्शालुहरूलाई आर्थिक शोषण गर्दै थिए ।

त्यस्तो अवस्थामा सलहेस आफ्नो सुरक्षाबलको निर्माण गरी पकडियागढमा राजा समेतको सहयोगमा उता चूहडमललाई परास्त गरे भने यता नारायण पहलवानलाई कुश्तीमा हराई अधिनता स्वीकार गराई शिवमन्दिर आमजनताको लागि खुल्ला गरे । यस्ता लोकोपकारी कामहरूले गर्दा नै सलहेस जनमानसमा क्रमशः बस्दै गएका थिए ।

हामीले आज ओझेलमा पर्न थालेका यस्ता चरित्रको गायनलाई संरक्षित गर्नैपर्ने हुन्छ, लोक गायकहरूलाई सम्मान पनि गर्नुपर्दछ । यिनीहरू जिवित रहे भने हाम्रा लोकगाथाहरू पनि जिवित रहनेछन् । लोकगाथा बाँचे भने हाम्रो इतिहास, प्राचीन संस्कृति पनि बाँचि रहनेछ ।

**सन्दर्भ सामग्री**

लेखकद्वारा स्वयं प्रज्ञा -प्रतिष्ठानमा हुंदा चार रात सम्म विभागीय प्रयोजनको लागि नाचको फिल्माङ्कन गराइएको छ ।

२रामचन्द्र पासवान- ऐतिहासिक पुरुष राजा सलहेस (राजा सलहेस : साहित्यओ संस्कृति, संपादक : डा. प्रफुल्लकुमार मौन, डा. रामप्रताप निरज, प्रकाशक- नमिताप्रकाशन, मुजफ्फरपुर, पृ. ४५ ।

३ए. कनिंधम र एच. बी. डब्लू. गैरिक, रिपोर्टस् आन टुअर्स इन नोर्थ एंड साउथ विहार इन १८८०-८१ । आर्कियोलोजिकल सर्भे अफ् इंडिया, खंड XVI, इंडोलोजिकल बुक हाउस, पृ. २६ ।

तारानन्द मिश्र : सलहेस गीति-नाट्य ..... । आँगन-४, सम्पादक- रामभरोस कापडि 'भ्रमर', नेपाल प्रज्ञा-प्रतिष्ठान, २०६९ । पृ. ४६ ।

G.A. Grierson- Maithi Chrestomathy and Vacabulary. 1881 AD.

# लुम्बिनीका मुख्यमन्त्रीलाई विश्वासको मत प्राप्त



टुडे समाचारदाता

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले ४८ मत प्राप्त गर्दै विश्वासको मत प्राप्त गरेका छन् । प्रदेशसभाको शुक्रबारको बैठकमा मुख्यमन्त्री महराले संविधानको धारा १८८ को उपधारा (१) बमोजिम राखेको विश्वासको मतको प्रस्तावमा मतदान हुँदा पक्षमा ४८ मत प्राप्त भएको थियो । यससँगै मुख्यमन्त्री महराले मुख्यमन्त्री नियुक्त भएको एक सातामै प्रदेशसभा बैठकमा विश्वासको मत प्राप्त गरेका हुन् ।

बैठकमा उपस्थित प्रदेशसभा सदस्यमध्ये मुख्यमन्त्री महराका पक्षमा सत्तागठबन्धन दल नेकपा एमालेका २९, नेकपा (माओवादी केन्द्र) का १०, जनता समाजवादी पार्टीका तीन, नागरिक उन्मुक्ति पार्टीका चार, नेकपा एसका एक र स्वतन्त्र एक जना सदस्यसहित ४८ मत प्राप्त गरेकाले प्रदेशसभाका सभामुख तुलाराम घर्तीले घोषणा गरेका थिए ।

८६ सदस्यीय प्रदेशसभामा प्रस्तावको विपक्षमा नेपाली कांग्रेसका २६ र जनमत पार्टीका दुई जना गरी २८ मत परेको सभामुख घर्तीले घोषणा गरेका थिए ।

यसअघि बैठकमा विश्वासको प्रस्ताव राख्दै मुख्यमन्त्री महराले सबैको अपनत्व हुनेगरी काम गर्ने भन्दै विश्वासको मत दिन आग्रह गरेका थिए ।

उनले आफ्नो नेतृत्वको सरकारले वार्षिक तालिका (क्यालेण्डर) बनाएर विकासका योजना तर्जुमा गर्ने प्रतिबद्धता व्यक्त गरे । बैठकलाई सम्बोधन गर्दै प्रमुख विपक्षी दलका नेता तथा पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले केन्द्रीय नेतृत्वका कारण सङ्घीयता कार्यान्वयन हुन नसकेको बताए । उनले सङ्घीयता कार्यान्वयन गरेर प्रदेश संरचनालाई बलियो बनाउने कार्यमा आफ्नो दलको समर्थन रहेने सङ्केत स्पष्ट पारे ।

मुख्यमन्त्री महरा एमाले, माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी दलको समर्थनमा चैत २३ गते मुख्यमन्त्री नियुक्त भएका थिए ।

**मुख्यमन्त्री महरा एमाले, माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी दलको समर्थनमा चैत २३ गते मुख्यमन्त्री नियुक्त भएका थिए ।**

# उपराष्ट्रपतिसंग पाकिस्तानी राजदूतको शिष्टाचार भेट



टुडे समाचारदाता

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग पाकिस्तानका राजदूत अबरार एच हाशमीले शिष्टाचार भेट गरेका छन् । राजदूत हाशमीले शुक्रबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेट गरेको उपराष्ट्रपति कार्यालयले जनाएको छ ।


भेटमा बधाई तथा शुभकामना आदानप्रदान हुनुका साथै द्विपक्षीय सम्बन्ध, व्यापार तथा आर्थिक, शैक्षिक तथा सांस्कृतिक र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोगका विषयमा छलफल भएको थियो ।

त्यस अवसरमा उपराष्ट्रपति यादवले नेपाल र पाकिस्तानबीच सन् १९६० मार्च २० मा कूटनीतिक सम्बन्ध स्थापना भएयता निकट र सुमधुर सम्बन्ध रहेको बताएका थिए । उपराष्ट्रपति यादवले नेपाल र पाकिस्तानले व्यापार र आर्थिक क्षेत्रमा सहयोग विस्तार गर्नु पर्नेमा जोड दिए ।

उनले जलविद्युत्, पर्यटन, पूर्वाधार, विज्ञान प्रविधिलगायतका क्षेत्रमा लगानी गर्न पाकिस्तानका लगानीकर्ताहरूलाई आग्रह गरे ।

राजदूत हाशमीले नेपाल र पाकिस्तानबीचको सम्बद्ध प्रगाढ रहेको उल्लेख गर्दै यसलाई अझ उचाईमा पुऱ्याउनुपर्नेमा जोड दिए । उनले नेपाल र पाकिस्तानबीच अवरुद्ध हवाई सेवा पुनः सञ्चालनको आवश्यकता रहेको बताए ।

# नेपालीलाई स्वदेश फर्कने वातावरण बनाउन राष्ट्रपतिको आग्रह



टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले विदेशमा श्रम गरिरहेका नेपालीहरुलाई स्वदेश फर्किने बतावरण बनाउन आग्रह गरेका छन् ।

एशोसिएसन अफ नेपाली ओरिजिन (एएनओ)का प्रतिनिधिमण्डलसँग शुक्रबार राष्ट्रपति कार्यालय शीतल निवासमा भएको भेटमा राष्ट्रपति पौडेलले अध्ययन, वैदेशिक रोजगारी, व्यवसायका साथै विविध कारणले विदेशिएका नेपालीहरुलाई स्वदेश फर्कने वातावरण बन्नुपर्ने धारणा राखेका हुन् । उनले यस समस्याप्रति ध्यानाकृष्ठ भएको बताउदै आफु कार्यकारी तथा राजनीतिक भूमिकामा नभएकोले सरोकारवालालाई यसप्रति ध्यानाकर्षण गराउदै आएको बताए ।

अध्ययन होस् या विभिन्न प्रयोजनले विदेश जाने गरेका नेपालीहरुले आफू रहेको देशमा आर्जन गरेको सीप र ज्ञान स्वदेशमै आइ त्यसलाई प्रयोगमा ल्याउने वातावरण बनाउन मुलुकका सम्बद्ध सबै क्षेत्र र व्यक्तिहरु लाग्नुपर्नेमा उनले जोड दिएका थिए । उनले नेपाली भाषा र संस्कृतिका माध्यमबाट विश्वमा रहेका नेपाली तथा नेपालीभाषीहरुलाई एकीकृत गर्ने एएनओको अभियानको प्रशंसा गर्दै यसलाई आगामी दिनमा पनि निरन्तरता दिन सुझाव दिएका थिए ।

कार्यक्रममा राष्ट्रपति पौडेलले भानुभक्त आचार्यको जन्मस्थल तनहुँको चुँदीरम्घालाई नेपाली भाषाको तीर्थस्थल बनाउने अभियानमा आफू लागेको जानकारी पनि गराए । उनले विश्वका विभिन्न देशमा रहेका नेपालीभाषीहरु एक पटक यहाँ पुग्नैपर्ने धारणाको विकास गरी यसलाई जीवन्त राख्न भानु जन्मस्थललाई नेपाली भाषा र साहित्यको तीर्थस्थल बनाउनुपर्नेमा उनको जोड थियो ।

एएनओका अध्यक्ष डिल्ली अधिकारीले यस अभियानका लागि नेपाल सरकारबाट प्राप्त सहयोग र शुभेच्छाका लागि धन्यवाद व्यक्त गर्दै अभियानलाई नेपाली भाषा, कला, संस्कृतिको अभियानका रुपमा संसारमा रहेका नेपालीमाझ पुऱ्याउने अठोट व्यक्त गरे । यस संस्थाले प्रवासमा बस्ने नेपाली जातिका लगानीकर्ताहरुलाई नेपालमै आई लगानी गर्ने वातावरणका लागि प्रोत्साहित गर्ने पनि बताए । सो भेटमा संस्थाका उपाध्यक्ष वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्त, महासचिव भट्टराई, संस्थापक सदस्यहरु केबी कार्की, ओम गुरुङ, डा दामोदर पौडेलसहित सहभागी थिए ।

विश्वका विभिन्न देशमा बसोबास गरिरहेका नेपालीभाषीको गत चैत ६ गते थाइल्याण्डको राजधानी बैंककमा भएको भेलाले नेपाली जातिलाई एकीकृत गरी नेपाली भाषा र संस्कृतिको संरक्षण गर्न एशोसिएसन अफ नेपाली ओरिजिन (एएनओ) गठन गरेको थियो । विश्वका २७ देशका नेपालीमूलका सामाजिक अभियन्ताको प्रतिनिधित्व रहेको सो भेलाले भुटानमा जन्मी हाल अमेरिकामा बसोबास गर्दै आएका नेपालीमूलका समाजसेवी डिल्ली अधिकारीको अध्यक्षतामा ५४ सदस्यीय कार्यसमिति गठन गरेको थियो ।

# राष्ट्रियसभा बैठक केहीबेरका लागि स्थगित

**काठमाण्डु** । राष्ट्रियसभाको बैठक केहीबेरका लागि स्थगित भएको छ । राष्ट्रियसभाको आजको बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला देवी पन्तले 'निःशुल्क स्वास्थ्य उपचारको सुनिश्चिततासम्बन्धी' सङ्कल्प प्रस्ताव पेस गर्नुभएको थियो ।

उक्त सङ्कल्प प्रस्ताव माथि बैठकमा छलफल चलिरहँदा उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादव अनुपस्थित रहेको भन्दै सांसद तथा सुशासन समिति सभापति पन्तले राष्ट्रियसभा अध्यक्षको पटकपटक ध्यानाकर्षण गर्नुभएको थियो । स्वास्थ्यमन्त्री यादव आउन केही समय लाग्ने भएपछि राष्ट्रियसभाको बैठक तीन बजेर १५ मिनेटसम्मका लागि स्थगित भएको अध्यक्ष नारायणप्रसाद दाहालले जानकारी दिनुभयो ।

शुक्रबारको बैठकमा सङ्कल्प प्रस्तावमाथिको छलफलमा भाग लिनुहुँदै सांसद विष्णुबहादुर विश्वकर्माले यो सङ्कल्प प्रस्ताव आवश्यक रहेको र पूर्णरुपमा कार्यान्वयनमा जोड दिइनुपर्ने बताउनुभयो । दूरदराजमा बसोबास गरिरहेको व्यक्तिले गुणस्तरीय स्वास्थ्य उपचार नपाएको बताउनुभयो । "स्वास्थ्यचौकी छैनन् । औषधि छैनन् । अस्पताल भएका ठाउँमा डाक्टर छैनन् । दूरदराजका नागरिकले सामान्य प्रकृतिको स्वास्थ्य समस्यासमेत पाउन सकेका छैनन", उहाँले भन्नुभयो । संविधानले स्वास्थ्यसम्बन्धी हकलाई मौलिकहकका रुपमा उल्लेख गरेकामा त्यसको अक्षरशः कार्यान्वयन हुनुपर्ने पनि उहाँले बताउनुभयो ।

सांसद सोनाम गेल्जेन शेर्पाले संविधानमा नै उल्लेख भएको विषयलाई सदनमा सङ्कल्प प्रस्तावका रुपमा आउनु दुःखद् रहेको बताउनुभयो । "स्वास्थ्यसम्बन्धी हकलाई संविधानमा मौलिक हकमा राखिएको छ ।

यसलाई सङ्कल्प प्रस्तावका रुपमा संसद्मा छलफल गरिनु राम्रो होइन । भएका व्यवस्थालाई कार्यान्वयन प्रभावकारीरुपमा गरेको भए यो अवस्था आउने थिएन", उहाँले भन्नुभयो । नेपालको स्वास्थ्य क्षेत्र माफियाले जकडिएको जिकिर पनि उहाँले गर्नुभयो ।

सांसद किरणबाबु श्रेष्ठले पनि संविधानमा मौलिक हकका रुपमा रहेको, विद्यमान ऐन कानुनमा भएको निःशुल्क स्वास्थ्य सेवासम्बन्धी व्यवस्था कार्यान्वयन गर्न नसक्दा संसद्मा सङ्कल्प प्रस्ताव पेस गर्नुपर्ने अवस्था आएको बताउनुभयो । त्यस्तै सबै दलको घोषणापत्रमा पनि निःशुल्क स्वास्थ्य उपचारको विषय समेटिएको भए पनि कार्यान्वयनमा भने चुस्तता नदेखिएको उहाँको भनाइ छ ।सांसद कृष्णबहादुर रोकायले निःशुल्क स्वास्थ्यसम्बन्धी मौलिकहकको कार्यान्वयन चुनौतीपूर्ण रहेको बताउनुभयो । स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीतिको आवश्यकता औँल्याउनुभयो । मानसिक स्वास्थ्यका विषयलाई पनि गम्भीरताका साथ लिइनुपर्ने उहाँको भनाइ छ ।

सांसद आनन्तप्रसाद ढुङ्गानाले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारीरुपमा लागू गर्नुपर्ने र कमजोर आर्थिक अवस्था भएका निम्नवर्गीय परिवारमा यो कार्यक्रम पुग्नुपर्ने तथा लागू हुनुपर्ने बताउनुभयो ।सांसद मृगेन्द्रकुमार सिंह यादवले स्वस्थ शरीरले स्वस्थ दिमागको निर्माण गर्ने र स्वस्थ दिमागले समग्र समाज तथा मुलुक निर्माणलाई सकारात्मक सहयोग गर्ने बताउनुभयो । रोग लागिसकेपछि उपचारमा जानुभन्दा रोग लाग्नै नदिने अवस्था निर्माणका लागि सरकारले भूमिका खेल्नुपर्ने उहाँको भनाइ छ । वर्षायाममा विभिन्न किसिमका सङ्क्रामक रोग फैलिनसक्ने भएकाले त्यसको नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गर्नुभयो ।



सांसद भुवनबहादुर सुनारले विद्यमान संविधान, ऐन, कानुनमा उल्लेख भएका विषयलाई व्यवहारमा उतारिनुपर्ने बताउनुभयो । दुर्गम क्षेत्रका नागरिकले सहजरुपमा स्वास्थ्यसेवा पाउन नसकेको र सहरी क्षेत्रमा स्वास्थ्यको व्यापारीकरण भइरहेको बताउनुभयो । स्वास्थ्य सेवा महँगो हुँदा न्यून आर्थिक अवस्था भएका व्यक्तिले सहजरुपमा उपचार नपाएको उहाँले उल्लेख गर्नुभयो । निःशुल्क वितरण गर्ने भनेका औषधिसमेत सहजरुपमा नपाइने गरेको बताउनुहुँदै उहाँले स्वास्थ्य क्षेत्रको बजेट बढाउन आवश्यक रहेको बताउनुभयो ।

स्वास्थ्य, शिक्षा, कृषि र रोजगारी मुलुकका लागि सबैभन्दा बढी आवश्यक रहेकामा पछिल्लो समय स्वास्थ्य र शिक्षा क्षेत्रमा व्यापारीकरण मौलाएको बताउनुभयो । पहुँच भएकाले गुणस्तरीय र सहज स्वास्थ्य तथा शिक्षाको सेवा पाइरहेकामा दुर्गमका गाउँमा भने यस्तो सुविधा सहजरुपमा उपलब्ध हुन नसकेको धारणा सांसद मायाप्रसाद शर्माले राख्नुभयो । प्रदेश र स्थानीय तहमा स्वास्थ्य संरचना तयार भइरहेका भए पनि त्यहाँ जनशक्ति अभाव रहेको बताउनुभयो । डाक्टरहरु दुर्गम क्षेत्रमा जान नमान्ने गरेको उहाँको भनाइ छ ।रासस

# सडकबाटै अधिकार खोज्नेहरु

**काठमाण्डु** । अधिकार र न्याय खोज्दै सडकमा आउनु नौलो होइन । जनताका असन्तुष्टिका आवाजहरु इतिहासका विभिन्न कालखण्डमा सडकबाटै पोखिएका छन् । विसं २०४६ सालपछि बहुदलीय व्यवस्था ल्याउन र २०६२/६३ को जनआन्दोलनले गणतन्त्र ल्याउन पनि सडक नै माध्यम बन्यो । त्यसैले त अहिले पनि समय-समयमा न्याय र अधिकार खोज्नेहरु सडकमै भेटिन्छन् । असन्तुष्टिका आवाज बुलन्द पार्नेहरु पनि सडकमै सुनिन्छन् ।



असन्तुष्टि व्यक्त गर्ने र न्यायको खोजीमा सडक भर्नेहरु वर्ष २०८० मा पनि भेटिए । केहीले न्याय खोज्दै सडक तताए भने केहीले आफ्ना आवाज सुनाउन सडकलाई माध्यम बनाए । केहीले न्याय पाए भने केही आशा लिएर घर फर्किए । केहीलाई सरकारले न्याय दिने आश्वासन दिएको छ भने केहीलाई केहीका माग सम्बोधन गने प्रतिबद्धता पनि जनाएको छ ।

यस वर्ष सडकमा लामो सङ्घर्ष गर्नेमा धनुषाकी निर्मला देवी साहको परिवार सबैभन्दा अगाडि छ । उहाँले छोरी आरती साहको न्यायका लागि दस महिना सडकमा बिताउनुभयो । छोरी आरतीको हत्या भएको दाबी गर्दै निर्मला मात्रै होइन सपरिवार नै सडकमा ओर्लियो । एउटा म्याट र टेन्टका भरमा न्यायको लडाइमा साह र उनको परिवारले सडकमा बर्खा बेहोर्यो । सडकमै पुस माघको चिसो सह्यो । त्यति मात्रै होइन, दसैँ र तिहार जस्ता पर्वमा पनि उहाँहरुले सडक छाड्नुभएन ।

सरकारलाई आफ्नो आवाज सुनाउन करिब १० महिना सडकमा बिताएको साहको परिवारले सरकारसँग पाँच बुँदे सहमति गऱ्यो । न्याय दिलाउने सरकारको प्रतिबद्धतासहितको सहमति पत्र बोकेर घर फर्कँदा घर उजाडिएको थियो । न्याय माग्दै सडकमा लामो समय बताउँदा घरका झ्याल र ढोका माकुराका जालोले घेरिएको थियो ।

न्याय खोज्दै लामो समय सडकमा बिताएको साहको परिवार अहिले सामान्य अवस्थामा फर्कन खोज्दैछ । "घर लिपपोत गरेर चिटिक्क पारेकी छु, वस्तुभाउको हेरचाह सुरु गरेकी छु" धनुषाको नगराइन नगरपालिका-८ की निर्मलाले भन्नुभयो, "लामो लडाइपछि घर फर्कन पाउँदा खुसी लागेको छ ।" दस महिनामा न्यायको लडाइमा एक प्रकारको जित भए पनि जीवन भने फेरिएको छ ।

घर अलपत्र छोडेर काठमाडौँ आउनु उहाँको बाध्यता थियो । "काठमाडौँ नआइ हाम्रो आवाज सुनिएन, त्यो हाम्रो बाध्यता थियो", उहाँले भन्नुभयो, "न्यायका लागि लड्दै गर्दा कुन बेला हाम्रो प्राथमिकता फेरियो पत्तै भएन । सरकारसँगको सहमतिपछि न्याय पाउन आशा फेरि पलाएको छ ।"उहाँको परिवारले गत असार १ गतेदेखि माइतिघर मण्डलामा धर्ना सुरु गरेको थियो । कहिले माइतिघर त कहिले शान्तिबाटिका हुँदै उहाँको लडाइ चैतको दोस्रो सातासम्म चल्यो ।

जिल्ला प्रशासन कार्यालय, धनुषाले न्याय नदिएको गुनासो बोकेर निर्मला श्रीमान विनोद, कान्छि छोरी मनिषा र छोरा प्रेमसहित माइतीघर मण्डलामा धर्ना बस्न आउनुभएको थियो । जनकपुर बिहे गरेकी छोरी आरती साहको दाइजो नदिएका कारण उनका श्रीमान्लगायत परिवारका सदस्य मिलेर हत्या गरेको निर्मलाको आरोप छ । जिल्ला प्रशासनले तत्कालै न्याय दिन ढिलाइ गरेको भन्दै उहाँहरु २०८० असार १ गते सडकमा आउनुभएको थियो ।

सडक सङ्घर्षकै कारण आरती साहका श्रीमान् मोतीबाबु साह यतिबेला प्रहरीको हिरासतमा छन् भने अरु आरोपितहरु धरौटीमा छुटेका छन् । अदालतको अनुसन्धान र सोधपुछ प्रक्रिया निरन्तर जारी छ । हरेक साता बयान दिन आरतीका परिवार धुनषा अदालत धाउनुहुन्छ । गत जेठ ८ गते अपह्रान १ बजे आरतीको शवको पोष्टमार्टम भएको थियो । आरतीका श्रीमान पक्षले झुन्डिएर आत्महत्या भएको दाबी गर्दै आएपनि माइतिपक्षले भने हत्या भएको दाबी गर्दै आएको छ । "सडकबाट लामो लडाइ लड्यौँ ।

न्याय पाउने आशा फेरि पलाएको छ । नयाँ वर्षमा न्याय खोज्दै घर छोड्न बाध्य हुन नपरोस भन्ने कामना छ", निर्मलाले भन्नुभयो ।

निर्मला जस्तै न्याय खोज्न यस वर्ष नेपालगञ्जकी भारती मानन्धर पनि सडकै आउनु पऱ्यो । माइतिघर मण्डलामा महिनौसम्मको लडाइपछि उहाँले न्याय पाउनुभयो । गत असोज ३ गते संविधान दिवसका अवसरमा 'रिगल' भनिने योगराज ढकाललाई सरकारले दिएको कैद मिनाहविरुद्धको एक महिनाभन्दा लामो लडाइको नतिजा अन्ततः उहाँकै पक्षमा रह्यो । गत कात्तिक १६ गते सर्वोच्च अदालतले रिगलको कैद मिनाहा गरिदिने सरकारको निर्णय गलत ठहर गर्यो । फलस्वरुप रिगल पुनः जेल चलान भए । भारतीकै कठोर सडक सङ्घर्षकै कारण सर्वोच्च अदालतले पीडितको संवैधानिक हक ख्याल गर्न सरकारलाई निर्देशन समेत दियो ।

संविधानको धारा २१ मा रहेको अपराधपीडितको हकलाई अन्देखा गर्न वा कम महत्वको ठान्न मिल्दैन भन्दै सर्वोच्चले एक नजिर नै स्थापित गऱ्यो । सर्वोच्च अदालतको यो आदेशले न्यायलयप्रतिको विश्वास थप प्रगाढ बनेको सर्वसाधाणको मनोभाव देखिन्छ ।अधिकार खोज्दै सडकमा उत्रिनेमा शिक्षक पनि देखिए । सरकारले ल्याएको विद्यालय शिक्षा विधेयकको विरोधमा नेपाल शिक्षक महासङ्घको नेतृत्वमा विद्यालय नै बन्द गरी उनीहरु काठमाडौँ केन्द्रित आन्दोलनमा होमिए र सरकारलाई आफ्ना माग राखे ।

**जनकपुर बिहे गरेकी छोरी आरती साहको दाइजो नदिएका कारण उनका श्रीमान्लगायत परिवारका सदस्य मिलेर हत्या गरेको निर्मलाको आरोप छ । जिल्ला प्रशासनले तत्कालै न्याय दिन ढिलाइ गरेको भन्दै उहाँहरु २०८० असार १ गते सडकमा आउनुभएको थियो । सडक सघंर्षकै कारण आरती साहका श्रीमान् मोतीबाबु साह यतिबेला प्रहरीको हिरासतमा छन् भने अरु आरोपितहरु धरौटीमा छुटेका छन् ।**

देशभरका सार्वजिनक विद्यालयका शिक्षकहरुले शिक्षण संस्थान नै बन्द गरेर काठमाडौँ केन्द्रित आन्दोलन गर्नुभएको थियो । हप्तौँ चर्किएको शिक्षक आन्दोलन सरकार र शिक्षकबीच ७ बुँदे सहमति भएपछि मत्थर भयो ।यस वर्ष माइतिघर मण्डलामार्फत पीडा सुनाउनेमा सहकारीपीडित पनि देखिए ।

उनीहरु सरकारसँग न्याय माग्दै दुई महिनादेखि निरन्तर माइतिघर मण्डलामा धर्ना बसे । परिणाम, तत्कालीन भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठको उपस्थितिमा मन्त्रालयमा गत साउन १८ गते सरकारसँग ७ बुँदे सहमति भयो ।

सरकारीपीडित र सरकारबीच सहकारी संस्थाका बचतकर्ताहरुको बचत फिर्तालाई सुरक्षा प्रदान गर्न, तत्काल बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्ने, सहकारी संस्थाबाट भएको कर्जा असुली प्रक्रिया द्रुत गतिमा प्रक्रिया अघि बढाउने लगायतका विषयमा सहमति भएको थियो ।सडकमै धर्ना बस्न आउनेको सर्‍या विगतमा भन्दा अधिक रहेको जिल्ला प्रशासन कार्यालय काठमाडौँले जनाएको छ । आरती साह जस्ता सर्वसाधारणदेखि दुर्गा प्रसाई जस्ता व्यवसायीका मुद्धा सडकबाटै पोखिए ।

वर्षको सुरुवातमै सरकारले नागरिकता विधेयक पास गर्यो । जसले माइतिघर मण्डलामा धर्ना बसेका नागरिकताबिहीनको मुहारमा खुसी ल्यायो । उनीहरु त्यही खुसी लिएर सडकबाटै घर फर्किन पाएका थिए ।वैवाहिक बलात्कारको पीडा खेपेकी नेपालगञ्जकी आरती रावल गिरी पनि सडकबाटै न्याय खोजिरहनुभएको छ । महिनौसम्मको सडक अनशनकै कारण सो मुद्दा सर्वोच्च अदालतसम्म पुग्यो । सर्वोच्च अदालतले चैत २१ गते बैवाहिक बलात्कारको आरोप लागेका निलम्बित जिल्ला न्यायाधीश भुवन गिरीलाई पुर्पपक्षका लागि थुनामा पठाउने आदेश गर्यो ।

जिल्ला अदालत काठमाडौँ र उच्च अदालत पाटनले निलम्बित न्यायाधीश गिरीलाई धरौटीमा छाड्न आदेश गरेको थियो । सर्वोच्च अदालतले उक्त आदेशलाई बदर गरेर गिरीलाई थुना गर्ने आदेश पनि सडक सङ्घर्षकै उपलब्धि थियो । अदालतको आदेशप्रति आरती खुसी हुनुहुन्छ । "लामो सडक सङ्घर्षपछि यतिबेला न्याय पाउने आशा पलाएकोछ", उहाँले भन्नुभयो ।

यसै वर्ष सडक तताउनेमा लघुवित्त पीडित पनि थपिए । लघुवित्तको ऋण तिर्न नसकेर छटपटिएकाहरु सहारा खोज्दै काठमाडौँ आए । सडकमा दुधे बालक काखी च्यापेका आमाहरु, लठ्ठी टेकेर न्याय माग्न आएका बृद्धबृद्धाहरु पनि देखिए । सङ्घर्ष समितिका केन्द्रीय अध्यक्ष मनिराम ज्ञवालीका अनुसार लघुवित्त तथा वित्तीय शोषणविरुद्ध आवाज उठाउँदै देशभरका झन्डै साढे तीन हजार पीडित काठमाडौँमा उत्रिएका थिए ।

त्यस्तै, आर्थिक मारकै पीडा बोकेर मिटरब्याजपीडित पनि न्याय खोज्दै काठमाडौँको सडकमा जम्मा भए । महिनौँसम्म सडकमा बसेर सरकारसँग न्याय मागिरहेका उनीहरु गत फागुनमा सरकारसँग सहमति गरी आन्दोलन स्थगित गरेका छन् ।


त्रिभुवन विश्वविद्यालयका प्राध्यापक सञ्जीव उप्रेती न्याय र अधिकार खोज्दै जनताहरु सडकमा धाइरहनुपर्ने अवस्था राम्रो नभएको बताउनुहुन्छ । उहाँ सडकमा उत्रिएर हक र अधिकार खोज्नु जनताको अधिकार भए पनि सडकमा उत्रनुपर्ने बाध्यात्मक अवस्थाले सरकारप्रतिको जनताको विश्वास कम हुनुको सङ्केत भएको बताउनुहुन्छ ।सरकारले स्थानीय स्तरमै न्याय उपलब्ध गराउने र त्यसप्रति आम जनतामा विश्वास दिलाउन सक्ने हो भने सडकमा उत्रनुपर्ने बाध्यात्मक अवस्था सृजना नहुने उहाँको बुझाइ छ । उहाँ जनताका हक, अधिकार, न्यायलगायतका मुद्धा सम्भव भएसम्म स्थानीय तहबाटै पूरा गर्नुपर्ने धारणा राख्नुहुन्छ ।रासस

# म्यान्मामा झडपपछि थाई विदेशमन्त्रीद्वारा सीमावर्ती सहरको भ्रमण

**एएफपी**

माई सोट । धैरै दिनको झडपहरूपछि थाइल्यान्डका विदेशमन्त्री शुक्रबार म्यान्माको सीमा भ्रमणका लागि आइपुग्नुभएको मन्त्रालयले बताएको छ । झडपले छिमेकी मुलुक म्यान्मामा एउटा महत्त्वपूर्ण व्यापारिक केन्द्रमा जुन्ता सेनालाई उसको स्थानबाट विस्थापित गरेको छ ।

म्यान्माको सेना र जातीय अल्पसंख्यक सशस्त्र समूहहरूबीचको लडाइँले यो साता सीमावर्ती सहर म्यावाडीलाई हल्लाएको छ । लडाइँका कारण यस सहरका बासिन्दाहरू थाइल्यान्डतिर भागिरहेका छन् । सहरमा तोप र गोलीका आवाज सुन्न सकिन्छ । म्यान्मामा सेनाले सन् २०२१ मा गरेको सैन्य विद्रोहबाट उत्पन्न सङ्घर्षका कारण नियमितरूपमा बासिन्दाहरू दुवै मुलुकबीचको दुई हजार चार सय किलोमिटर सीमा पार गरेर भाग्ने गर्दछन् । विदेशमन्त्री पर्णप्री बहिधा-नुकाराले थाई सहर माई सोटसँग म्यावाडीलाई जोड्ने दुई 'मैत्री पुल' को भ्रमण गर्नुहुने



थाइल्यान्डको विदेश मन्त्रालयले बताएको छ ।

करेन नेसनल युनियन (केएनयु) ले बिहीबार विस्थापित जुन्ता सैनिकहरू म्यान्मातर्फको एउटा पुलको टर्मिनस नजिक आश्रय लिएर बसेको बताएको थियो । दुई मुलुकलाई विभाजन गर्ने मोई नदी क्षेत्र शुक्रबार बिहान शान्त देखिएको एएफपीका संवाददाताहरूले बताएका छन् । सीमामा पहरा दिइरहेका एक थाई सैनिकले रातिको निगरानीका क्रममा म्यान्मामा गोली र विस्फोटका आवाज सुनिएको बताए । सीमामा एउटा लाउडस्पिकरमा बौद्ध प्रार्थानाहरू बजाइएका थिए ।

सैनिकहरू बोकेको सात वटा थाई बख्तरबन्द गाडी सडकमा धुलो उडाउँदै रातिको निगरानीका लागि शुक्रबार बिहान सीमावर्ती सहर माई सोट पुगेका छन् । नगन्य सत्ख्यामा ट्रकहरू यान्माबाट थाई सीमामा रहेको 'दोस्रो मैत्री पुल' मा पुगेको एएफपीका संवाददाताहरूले बताएका छन् । कुनै पनि ट्रकलाई म्यान्मामा गएको देखिएको छैन । हालैका महिनाहरूमा युद्धको मैदानमा धेरै हारको सामना गर्नुपरेको जुन्ताका लागि म्यावाडी सहरमाथि विद्रोहीहरूको पूर्ण कब्जा अपमानजनक पराजय हुनेछ ।

सैनिकका परिवारहरूको सुरक्षाका लागि जुन्ता सैनिकहरू म्यावाडीमा आफ्नो बेसबाट ' पछाडि हट्नु परेको' जुन्ताका प्रवक्ता जाव मिन तुनले बिहीबार राति स्थानीय सञ्चारमाध्यमसँग पुष्टि गर्नुभएको थियो । उहाँले जुन्ता र थाई अधिकारीहरूले सैनिकहरूका बारेमा छलफल गरिरहेको बताउनुभयो । यद्यपि छलफलमा कति जना संलग्न थिए भन्नेबारे उहाँले कुनै विवरण दिनुभएन । एएफपीले टिप्पणीका लागि थाई सरकारसँग सम्पर्क गरेको छ । विदेश मन्त्रालयका अनुसार आफ्नो एक दिने भ्रमणका क्रममा विदेश मन्त्री पर्णप्री बहिधा-नुकाराले म्यान्माको लडाइँबाट भागिरहेका मानिसहरूको थप आगमनको तयारीलाई पनि हेर्नुहुनेछ ।

बिहीबार थाई प्रधानमन्त्री श्रेथा थाभिसिनले म्यावाडीमा हालै भएको झडपहरूबारे उल्लेख गर्दै भन्नुभयो, "राज्यले कसैलाई पनि हाम्रो क्षेत्रमा प्रवेश गर्न अनुमति दिनेछैन ।" सन् २०२२ मा म्यान्माको हवाई सेनाले सैन्य विद्रोहविरोधी लडाकूहरू विरुद्धको कारवाहीका क्रममा आफ्नो हवाई क्षेत्रको उल्लङ्घन गरेपछि थाइल्यान्डले जेट लडाकू विमानहरू परिचालन गरेको थियो । म्यान्माबाट भागिरहेका एक लाख नागरिकलाई स्वीकार गर्न तयार रहेको यसै साताको प्रारम्भमा थाइल्यान्डले बताएको थियो ।

# एसिसी प्रिमियर कपमा नेपालको विजयी सुरुवात



**टुडे समाचारदाता**

काठमाण्डु । एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत आफ्नो पहिलो खेलमा नेपाल विजयी भएको छ । नेपालले मलेसियालाई पाँच विकेटले पराजित गरेको हो ।

ओमानको अल अमेरत क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको मलेसियाले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै नेपालसामु जितका लागि एक सय ४४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । सो विजयी लक्ष्य नेपालले १९ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पुरा गर्‍यो ।

नेपालका लागि आशिफ शेखले ३२, कप्तान रोहितकुमार पौडेलले २८, कुशल भुर्तेलले २४, दीपेन्द्रसिंह ऐरीले २०, गुल्सन झाले अविजित १९ तथा सन्दीप जोराले अविजित १२ रन बनाए । बलिङतर्फ मलेसियाका कप्तान विरनदीप सिंहले तीन तथा पवनदीप सिंह र मोहमद वाफिकले एक एक विकेट लिए ।

यसअघि एक सय ४३ रनको योगफल बनाउने क्रममा मलेसियाका लागि कप्तान विरनदीप सिंहले सर्वाधिक ७२ रन बनाए । उनले ५७ बल खेल्ने क्रममा चार छक्का र चार चौका हाने । यस्तै शविम मुनिआन्डीले ३३ बलमा दुई छक्का र तीन चौकाको मद्दतमा ४१ रन जोडे । मुहम्मद आमिरले १८ बलमा १६ रन बनाए । बलिङतर्फ नेपालका लागि दीपेन्द्रसिंह ऐरीले दुई तथा अभिनाश बोहोराले एक विकेट लिए । नेपालले अब आफ्नो दोस्रो खेल आगामी वैशाख १ गते कतारसँग खेल्ने छ ।

# रुसमा उच्च बाढीको जोखिम

**एएफपी**

मस्को । रुसको ओरेनबर्ग सहरमा शुक्रबार युराल नदीको सतह नयाँ रेकर्ड उचाइमा पुगेपछि बाढीका कारण रुस र कजाकिस्तानका दशौँ हजार मानिसलाई स्थानान्तरण गरिएको अधिकारीहरूले बताएका छन् । तीव्र गतिमा बढिरहेको तापक्रमले हिउँ र बरफ पग्लिँदा तथा भारी वर्षाका कारण रूस र कजाकिस्तान पार गर्ने धेरै जसो नदीहरूले खतराको सतह पार गरेका छन् ।

टियूमेन क्षेत्रका अधिकारीहरूका अनुसार पश्चिमी साइबेरियामा इशिम नदी पनि खतरनाक स्तरमा पुगेको छ । अधिकारीहरूले इशिम र टोबोल नदी अप्रिल २३-२५ मा उच्चस्तरमा पुग्ने अनुमान गरेका छन् ।अधिकारीहरूका अनुसार ओरेनबर्गमा युराल नदी ११ दशशमलव २९ मिटर (३७ फिट) पुगेको छ । यो निर्धारित खतराको स्तरभन्दा दुई मिटर माथि हो । सहरका केही भागमा पानीमाथि घरहरूको छत मात्र देख्न सकिन्छ ।

क्षेत्रीय अधिकारी सर्गेई बालिकिनले आरआइए नोभोस्ती राज्य समाचार एजेन्सीलाई ओरेनबर्गमा शुक्रबार वा शनिबार मात्र बाढी आउने जानकारी दिनुभयो । अधिकारीहरूका अनुसार चार लाखभन्दा बढी जनसत्ख्यामध्ये १० हजार सात सयभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । बाढीले करिब ११ हजार सात सय घर डुबेका छन् ।

बाढीको जोखिमका करण पूर्वमा कुर्गान र तोम्स्क क्षेत्रका धेरै गाउँलाई पनि खाली गरिएको छ । रुस र कजाकिस्तानमा करिब एक लाख मानिसले बाढीका कारण घर छाडेको अनुमान गरिएको छ ।बाँध फुटेपछि समस्याग्रस्त ओर्स्कमा अधिकारीहरूले सुधार भएको बताएका छन् । सहरका आक्रोशित बासिन्दाहरूले सङ्कटको व्यवस्थापनप्रति चिन्ता व्यक्त गर्दै दुर्लभ प्रदर्शन गरेको बताइएको छ । बाढी र जलवायु परिवर्तनको कुनै प्रत्यक्ष सम्बन्ध भएको नपाइए पनि विज्ञहरूले उच्च तापक्रमले भएको भीषण वर्षाले बाढी निम्त्याएको बताएका छन् ।

# दक्षिण कोरियाद्वारा दशौँ पटक नीतिगत दर स्थिर

**सिन्ह्वा**

सोल । दक्षिण कोरियाको केन्द्रीय बैंकले शुक्रबार मुद्रास्फीति र घरेलु ऋणको अनिश्चितताका बीच लगातार दशौँ पटक नीतिगत दरलाई स्थिर बनाएको छ ।

बैंक अफ कोरिया (बिओके) का गभर्नर री चाङ-योङ र अन्य मौद्रिक नीति निर्माताहरूले सात दिवसीय पुनरखरिद दरलाई तीन दशमलव पाँच प्रतिशतमा अपरिवर्तित राख्ने सर्वसम्मतिले निर्णय गर्नुभएको छ । यो बजारको अपेक्षाअनुरूप थियो ।

कोरिया फाइनान्सियल इन्भेस्टमेन्ट एसोसिएसनका एक सय निश्चित आय विशेषज्ञको सर्वेक्षणअनुसार ९८ प्रतिशतले यो महिना दर स्थिर हुने भविष्यवाणी गरिएको छ । बिओकेले सन् २०२१ अगस्ट र सन् २०२३ जनवरीको बीचमा नीतिगत दरमा तीन प्रतिशत अङ्कको बढोत्तरीपछि यस वर्षको जनवरी र फेब्रुअरीमा तथा गत वर्ष सात पटक दरलाई रोकेको थियो । अझै



पनि उच्च मुद्रास्फीति र ठूलो मात्रामा घरेलु ऋणजस्ता बाँकी अनिश्चितताबीच दरमा लगातार गिरावट आएको छ ।

गभर्नर रीले पत्रकार सम्मेलनमा उपभोक्ता मूल्य मुद्रास्फीति यस वर्षको अन्त्यसम्ममा दुई दशमलव तीन पुग्न सक्छ वा सक्तैन भन्ने महत्त्वपूर्ण हुने बताउनुभयो । उहाँले मुद्रास्फीति दुई दशमलव तीन प्रतिशतभन्दा माथि रह्यो भने यस वर्षको दोस्रो छ महिनामा ब्याज दरहरूमा कटौती गर्न कठिन हुनसक्ने बताउनुभयो ।

मार्चमा उपभोक्ता मूल्य एक वर्षअघिको तुलनामा तीन दशमलव एक प्रतिशतले बढेको छ । यो लगातार दोस्रो महिना तीन प्रतिशतभन्दा माथि छ । यो बिओकेको दुई प्रतिशतको मध्यावधि मुद्रास्फीति लक्ष्यमा उच्च अवस्थामा रहेको छ । सन् २०२२ जुलाईमा छ दशमलव तीन प्रतिशतको उच्च अवस्थामा पुगेपछि कूल मुद्रास्फीतिमा गिरावट आइरहेको थियो र गत वर्ष जुलाईमा यो दुई दशमलव चार प्रतिशतको तल्लो स्तरमा झरेको थियो ।

हालैका महिनाहरूमा कृषि उत्पादनको मूल्यमा भएको वृद्धिले मुद्रास्फीतिको दबाब बढेको छ । यो मार्चदेखि लगातार दोस्रो महिनामा २० प्रतिशतभन्दा धेरै भएको छ । कृषि उत्पादनको मूल्य र विश्वव्यापी तेलको मूल्यमा भएको वृद्धिका कारण फेब्रुअरी र मार्चमा उपभोक्ता मूल्य मुद्रास्फीति तीन दशमलव एक प्रतिशतमा रहेको बिओकेले जनाएको छ । उपभोक्ता मूल्य मुद्रास्फीति बिस्तारै मध्यम हुने अपेक्षा गरिए पनि भूराजनीतिक जोखिम, विश्वव्यापी तेलको मूल्य र कृषि उत्पादनको मूल्यका कारण मुद्रास्फीति दृष्टिकोणमा अनिश्चितता बढेको बैंकले उल्लेख गरेको छ ।

# चीनका शीर्ष विधायकको उत्तर कोरियाका वरिष्ठ अधिकारीसँग भेट

**एएफपी**

सोल । चीनका एक शीर्ष विधायकले यसै साता प्योङ्याङको भ्रमणका क्रममा सहयोगबारे छलफलका लागि उत्तर कोरियाका एक वरिष्ठ अधिकारीसँग भेट गरेको उत्तर कोरियाली राज्य मिडियाले शुक्रबार बताएको छ । उक्त भेट वर्षौंमा दुई सहयोगीबीच सबैभन्दा उच्चस्तरीय भेटमध्येको एक थियो ।

चिनियाँ कम्युनिष्ट पार्टीको पोलिटब्युरोको शक्तिशाली स्थायी समितिका सदस्य तथा बेइजिङका तेस्रो उच्चपदस्थ अधिकारी झाओ लेजी दुई मुलुकबीचको कूटनीतिक सम्बन्धको ७५औँ वार्षिकोत्वसवका अवसरमा आणविक हतियार सम्पन्न उत्तर कोरियाको सद्भावना भ्रमणमा हुनुहुन्छ ।

चीन उत्तर कोरियाको सबैभन्दा महत्त्वपूर्ण आर्थिक हितैषी र कूटनीतिक सहयोगी हो । उत्तर कोरियाली नेता किम जोङ उनको बढ्दो हतियार परीक्षणको जवाफमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा उहाँको शासनमाथि कडा प्रतिबन्ध लगाउने अमेरिकी नेतृत्वको प्रयासलाई रुससँग मिलेर चीनले अवरोध पुर्याइरहेको छ ।

झाओले बिहीबार उत्तर कोरियाली राजधानी पुगेर आफ्ना समकक्षी चोए योङसँग भेट गर्नुभएको केसिएनएले बताएको छ । भेटमा उहाँले 'राजनीति, अर्थतन्त्र र संस्कृतिलगायत सबै क्षेत्रमा आदानप्रदान र सहयोग' बारे छलफल गर्नुभएको छ । विज्ञप्तिमा भनिएको छ, "छलफलका क्रममा आपसी चिन्ताका क्षेत्रीय तथा



अन्तर्राष्ट्रिय मुद्दाबारे विचार आदानप्रदान भयो ।"

राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री लि कियाङपछि झाओ चीनको तेस्रो उच्चपदस्थ अधिकारी हुनुहुन्छ । राष्ट्रपति सीले अन्तिमपटक उत्तर कोरियाली नेता किमसँग सन् २०१९ मा कोभिड-१९ महामारी सुरु हुनुअघि भेट गर्नुभएको थियो । यसबाट छ । झाओको भ्रमणमा किमको बेइजिङको आगामी सम्भावित राजकीय भ्रमणको योजना समावेश हुनसक्ने दक्षिण कोरियाली स्थानीय सञ्चारमाध्यममा बताइएको छ ।

चीनको सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार दुवै अधिकारीले 'कोरियाली प्रायद्वीपको अवस्था' बारे चर्चा गर्नुभयो र झाओले 'विधायक आदानप्रदान कोरियाबीच कूटनीतिक भिसाको आपसी छुट, क्लासिक कार्यहरूको आपसी अनुवाद र प्रकाशन, भन्सार र क्वारेन्टाइन, रेडियो र टेलिभिज तथा हुलाक एक्सप्रेस डेलिभरी' का क्षेत्रमा 'सान्दर्भिक सहयोग दस्तावेजहरूमा' हस्ताक्षर गर्नुभयो", सिन्ह्वाले भनेको छ ।

किमले दक्षिण कोरियाप्रति आफ्नो आक्रामक बयानबाजी

**चिनियाा कम्युनिष्ट पार्टीको पोलिटब्युरोको शक्तिशाली स्थायी समितिका सदस्य तथा बेइजिङका तेस्रो उच्चपदस्थ अधिकारी झाओ लेजी दुई मुलुकबीचको कूटनीतिक सम्बन्धको ७५औा वार्षिकोत्वसवका अवसरमा आणविक हतियार सम्पन्न उत्तर कोरियाको सद्भावना भ्रमणमा हुनुहुन्छ ।**

झाओ र चोएबीच प्योङ्याङको बैठक धेरै वर्षमा सबैभन्दा उच्चस्तरीय बैठकमध्ये एक भएको तथा सहयोगलाई गति दिने' बेइजिङको इच्छा व्यक्त गर्नुभयो ।

"चोए र झाओले 'चीन र उत्तर बढाउँदै बेइजिङसँगको सम्बन्धलाई बलियो बनाउने प्रयास गर्नुभएको छ ।

## रमजानको समयमा लुटपाटको प्रतिरोध गर्दा पाकिस्तानमा १९ को मृत्यु ५५ घाइते

**एएनआई**


कराँची । रमजान २०२४ को समयमा पाकिस्तानको कराँचीमा आपराधिक घटना बढेको । रमजानको समयमा लुटपाटको प्रतिरोधमा १९ जनाको मृत्यु हुनुका साथै ५५ जना घाइते भएको एआरवाई न्यूजले जनाएको छ । लुटपाटको प्रयासमा कराँचीमा १९ नागरिकको मृत्युका लागि सशस्त्र लुटेराहरू जिम्मेबार रहेको एक प्रहरी अधिकारीले बताएका छन् ।

यस वर्ष कराँचीमा लुटपाटसम्बन्धी घटनामा ५६ जनाको मृत्यु भएको छ भने दुई सयभन्दा बढी घाइते भएका छन् । गत वर्षको समान अवधिमा डकैती विरुद्धको प्रतिरोधमा २५ जनाको मृत्यु भएको थियो भने एक सय १० जना घाइते भएका थिए । सन् २०२३ को समान परिस्थितिमा एक सय आठ जनाको मृत्यु र चार सय ६९ जना घाइते भएको तथ्याङ्क छ ।

कराँची प्रहरीको यस वर्ष लुटेराहरूसँग चार सय २५ मुठभेड हुँदा ५५ लुटेरा मारिएको र चार सय ३९ घाइते भएका छन् । नागरिक-प्रहरी सम्पर्क समिति (सिपिएलसी) को एक प्रतिवेदनअनुसार सन् २०२४ को पहिलो तीन महिनामा २२ हजार छ सय २७ अपराध दर्ता भएका थिए । यसमा ५९ को मृत्यु र लुटपाटको प्रतिरोधमा सात सय जनालाई चोट लागेको थियो ।

यसका अतिरिक्त यस अवधिमा तीन सय ७३ कार, १५ हजार नौ सय ६८ मोटरसाइकल र छ हजार एक सय दुई मोबाइल फोन चोरी वा लुटपाट भएको सूचना प्राप्त भएको छ । एआरवाई न्युजका अनुसार सिपिएलसीको प्रतिवेदनमा कराँचीमा २५ वटा जबरजस्ती असुलीको घटना र फिरौतीका लागि पाँचवटा अपहरणका घटना पनि रेकर्ड गरिएको छ ।

# जर्मनीमा आइटी विशेषज्ञको अभाव सन् २०४० सम्ममा चौगुना हुनेछ



**सिन्ह्वा**

बर्लिन । नीति निर्माताहरूले उचित प्रतिकार्य उपायहरू नगरे जर्मनीको सूचना प्रविधि (आइटी) क्षेत्रमा दक्ष कामदारको अभाव सन् २०४० सम्ममा चार गुणा बढेर छ लाख ६३ हजार पुग्ने उद्योग सङ्घ 'बिटकम'ले (बिटकम जर्मनीको डिजिटल सङ्घ) बिहीबार चेतावनी दिएको छ ।

बिटकमका अनुसार पछिल्लो पाँच वर्षमा सूचना प्रविधि क्षेत्रमा दक्ष कामदारको अभाव उल्लेख्यरूपमा बढेको छ भने अघिल्लो वर्ष झण्डै एक लाख ४९ हजार रोजगारी रिक्त रहेको छ ।यो संख्या पाँच वर्षअघिको तथ्याङ्कको तुलनामा झण्डै दोब्बरले बढेको छ र विद्यालय, प्रशासन र वैज्ञानिक संस्थासहित विभिन्न संस्थामा आइटी-केन्द्रित धेरै पदहरू खाली रहेका छन् ।बिटकमका अध्यक्ष राल्फ विन्टरगर्स्टले भन्नुभयो, "आइटी विशेषज्ञहरूको अभावले जर्मनीको डिजिटल भविष्यलाई खतरामा पार्न सक्छ ।

"उक्त सङ्घको प्रतिवेदनले सन् २०४० सम्ममा देशमा तीन लाख २१ हजार आइटी विज्ञहरूको परि पूर्ति गर्ने उद्देश्यले विदेशबाट दक्ष कामदारको भर्ती बढाउन सुझाव दिएको छ ।

जर्मनीमा बुढ्यौली समाजले गर्दा दक्ष कामदारको अभावलाई बढाएको छ र यो विभिन्न पेशामा फैलिएको छ ।

सन् २०२३ मा सरकारले विदेशबाट दक्ष कामदारहरूको भर्ती गर्न व्यापक उपायका साथ नयाँ कानून पारित गर्यो । यसमा रोजगारी अध्यागमनका लागि कम तलब आवश्यकता, छिटो प्रक्रिया र प्रतिभाशाली र अनुभवी विशेषज्ञहरूका लागि श्रम बजारमा सजिलो पहुँच समावेश गरिएको छ ।

जर्मनीका श्रममन्त्री ह्युबर्टस हेलले भन्नुभयो, "देशलाई आफ्नो अर्थव्यवस्थामा पर्याप्त दक्ष कामदारहरू सुनिश्चित गर्न सम्भव भएसम्म मद्दत चाहिन्छ र यस्ता मानिसहरूको अभाव वृद्धिमा विराम बन्नु हुँदैन ।"

# विसं २०८० : वन मन्त्रालयमा केके काम भए ?

**काठमाण्डु** । वातावरण संरक्षण तथा उपयोग, जलवायु परिवर्तन, समस्या समाधान र नीतिगत क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्न २०८० साल उपलब्धिमूलक नै रह्यो ।

खासगरी जलवायु परिवर्तनका असरबाट नेपालले भोग्नुपरेका चुनौतीका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा ध्यानाकर्षण गराउन नेपाल सरकारले धेरै हदसम्म सफलता हासिल गर्यो । वन तथा वातावरण मन्त्रालयले जलवायु परिवर्तन, वातावरण संरक्षण, वन स्रोतको दिगो उपयोग, नीतिगतलगायत क्षेत्रमा उल्लेखनीय काम गरेको जनाएको छ ।

पछिल्लो समय देशभर ठूलो चुनौतीका रुपमा देखिएको मानव वन्यजन्तु द्वन्द्वलाई व्यवस्थापन गर्न मन्त्रालयले सोसम्बन्धी निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा वन्यजन्तु पीडितलाई सर्वसुलभ तरिकाले राहत वितरण गर्ने गरी 'वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०' स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

कृषिबालीको हानिनोक्सानी गर्ने बँदेललाई कृषि हानिकारक प्रजाति घोषणा गरिएको मन्त्रालयका प्रवक्ता बद्रीराज ढुङ्गानाले जानकारी दिनुभयो । उहाँका अनुसार वन्यजन्तु अपराध नियन्त्रण र कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउन तीन तहका सरकारबीच समन्वय र सहकार्य गर्ने उद्देश्यले वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

वन्यजन्तुको व्यावसायिक पालन प्रजनन् तथा उपयोगसम्बन्धी मापदण्ड, २०८० स्वीकृत भएको मन्त्रालयका प्रवक्ता ढुङ्गानाले बताउनुभयो । यसमा भएका व्यवस्थाअनुसार वन्यजन्तु (खरायो, रतुवा, चित्तल, लगुना, नीलगाई, दुम्सी, बँदेल, सर्प, मगर गोही, कछुवा, भ्यागुता पाहा, मयुर, कालिज, लुइचे, बट्टाई, च्याखुरा, तित्रा, पिउरा, ढुकुर, मैना, सुगा) को व्यावसायिक पालन, प्रजनन्, दिगो संरक्षण तथा उपयोगबाट आर्थिक समृद्धि हासिलमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

यसैगरी वन्यजन्तु बासस्थान व्यवस्थापन कार्यविधि, २०८० हालै स्वीकृत भएदेखि निकुन्ज, आरक्ष, संरक्षण क्षेत्रमा वन्यजन्तुको बासस्थान व्यवस्थापनको लागि घाँसे मैदान तथा सिमसार क्षेत्रको व्यवस्थापनमा सहयोग पुग्ने प्रवक्ता ढुङ्गानाले जानकारी दिनुभयो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागअन्तर्गत अग्रपङ्क्तिमा रहेर वन्यजन्तु संरक्षणमा दिनरात




खटिने एक हजार एक सय ६४ कर्मचारीको दुर्घटना बीमाको व्यवस्था गरी कार्यक्षेत्र (फिल्ड)का कर्मचारीको मनोबल उच्च राखिएको छ ।

वन (प्रथम संशोधन) नियमावली, २०८० जारी गरिएको र यसबाट खानी तथा खनिज पदार्थसम्बन्धी प्रचलित नियम र वन नियमावली, २०७९ मा बाझिएका विषयको हकमा खानी तथा खनिज पदार्थसम्बन्धी प्रचलित ऐन तथा नियम बमोजिम हुनेगरी संशोधन गरिएको छ । परिणामस्वरुप खानीजन्य पदार्थको उपभोगमा सहजता भएको मन्त्रालयको दाबी छ ।

यस अवधिमा मन्त्रालयले वन ऐन, २०७६ को दफा ७७ अनुसार नयाँ सूचना जारी गरिएको मन्त्रालयका प्रवक्ता ढुङ्गानाले बताउनुभयो । फलस्वरुप पुरानो सूचनाअनुसार प्रतिवन्ध लागेको झ्याउ प्रजातिको प्रतिबन्ध फुकुवा भई सङ्कलन तथा ओसारपसार खुला भएको छ । साथै निजी वनमा रहेको साल प्रजातिको व्यावसायिक प्रयोजनको लागि कटान तथा ओसारपसार खुला भएको छ ।

अन्तर्राष्ट्रिय बजारमा खपत हुने जटामसीको सङ्कलन तथा व्यवस्थापनमा अवलम्बन गर्दै आएको केन्द्रिकृत व्यवस्थापन पद्धतिलाई सुधार गरी स्थानीय जनताले सहजै सङ्कलन अनुमति लिन सक्नेगरी आवश्यक व्यवस्था गरिएको छ । मन्त्रालयका प्रवक्ता ढुङ्गानाका अनुसार सङ्घीय पुनसंरचनापश्चात् फाजिलमा रही हालसम्म प्रदेशहरुमा कार्यरत रहेका वन सेवाका कर्मचारीहरू (राजपत्र अनंकित द्वितीय श्रेणी (प्रा) फरेष्टरहरु ३८२ जना) को सम्बन्धित प्रदेशमा समायोजन गरिएको छ ।

विकास र वातावरणबीच समन्वय गर्ने सरकारको ध्येय नुसार ५० वटा वातावरणीय प्रभाव अध्ययन (इआइए) र २१ वटा प्रारम्भिक वातावरणीय परीक्षण (आइइइ) गरी ७१ वटा विकास आयोजनालाई सहमति प्रदान गरिएको प्रवक्ता ढुङ्गानाले जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न विकास आयोजनाका लागि यस अवधिमा ३२५ हेक्टर बढी राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न र ३२ हजार ६३८ वटा रुख हटाउन सहमति दिई राष्ट्रिय प्राथमिकताका आयोजनाहरुको कार्यान्वयनमा सहजीकरण गरिएको छ ।

जनतामा पर्न गएको जलवायु परिवर्तनको असर कम गर्न एकीकृत जलाधार संरक्षण एवं व्यवस्थापनको अवधारणाअनुसार मन्त्रालयअन्तर्गतका निकायहरुबाट मात्र ७६ स्थानमा खोला किनार संरक्षण, ६२८ वटा पानीका मुहान संरक्षण, २८९ पहिरो नियन्त्रण र २३.३ हेक्टर क्षेत्रफलमा तारवार र ४४३ हेक्टर क्षेत्रफलमा बहुउपयोगी प्रजातिका बिरुवा वृक्षरोपण गरिएका छन् ।

विभिन्न प्रजातिका सात लाख ३६ हजार जडीबुटी बिरुवा तथा करिब एक करोड ६८ लाख विभिन्न वनजन्य प्रजातिका बिरुवा नर्सरीमा उत्पादन गरी निजी क्षेत्रमा वृक्षरोपण गर्न निःशुल्क वितरण गरिएको मन्त्रालयले जनाएको छ ।

पन्ध्रौं योजनाको अन्त्यसम्म तीन करोड घन फिट काठ उत्पादन लक्ष्य राखिएकामा चौथो वर्षमा तीन करोड ३३ लाख घन फिट काठ र एक हजार १३९ चट्टा दाउरा उत्पादन भएको छ । यस अवधिमा वन क्षेत्रबाट रु चार अर्ब ६२ करोड राजस्व सङ्कलन भएको छ ।

स्थानीय वनस्पति प्रजातिहरु एक हजार १२३ सङ्कलन गरी वनस्पति उद्यानहरुमा संरक्षण गरिएको, एक लाख ६१ हजार हर्बेरियम नमुनाको डिजिटाइजेशन गर्ने कार्य सम्पन्न गरी अनलाइन प्रणालीमासमेत अभिलेखीकरण गरिएको मन्त्रालयका प्रवक्ता ढुङ्गानाले बताउनुभयो । वनको कार्बन व्यापारका सन्दर्भमा नेपालकोतर्फबाट तराईका १३ जिल्लाको वन क्षेत्रको कार्बन मापन गरी तयार गरिएको 'मेजरमेण्ट, रिपोटिङ, र भेरिफिकेसन रिपोर्ट' भुक्तानीका लागि विश्व बैंकसमक्ष पेश गरिएको छ । नवप्रवर्द्धनात्मक कार्यअन्तर्गत कोसी टप्पु वन्यजन्तु आरक्षमा दुई वटा गैँडा स्थानान्तरण गरी अध्ययन/अनुसन्धान भइरहेको छ । साथै चितवन राष्ट्रिय निकुञ्ज भित्रै छ गैँडाको आन्तरिक स्थानान्तरण गरिएको छ ।

त्यस्तै ड्रोन प्रविधिको प्रयोग गरी भौगोलिकरूपले विकट र सुक्खा क्षेत्रमा पर्यावरणीय पुनरुत्थानको लागि विभिन्न प्रजातिको बीउ छरी हरियाली प्रवर्द्धन गर्ने कार्य सुरु गरिएको छ ।

संरक्षित क्षेत्रलाई आर्थिक समृद्धिसँग जोडन २० वटै संरक्षित क्षेत्रहरुलाई आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न प्रचारप्रसार, समन्वय तथा बजेट विनियोजन र कार्यक्रम सञ्चालन गरिएको मन्त्रालयले जनाएको छ ।

यसै अवधिमा संयुक्त अरब इमिरेट्सको दुबईमा सम्पन्न संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-२८) मा नेपालले उच्चस्तरीय सहभागिता जनाई विश्वसमुदाय समक्ष नेपालमा जलवायु परिवर्तनले पारेका असर र भोग्नुपरेका समस्याहरुका सम्बन्धमा ध्यानाकर्षण गर्न र सन्देश प्रवाह गर्न सफल भएको छ । साथै मन्त्रालयले राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०) र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन कार्ययोजना (२०८०-२०८७) स्वीकृत गरेको छ ।

सो अवसरमा संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसले कोप-२८ को उद्घाटन सत्र तथा नेपालले आयोजना गरेको गोलमेच बैठकमा नेपाल र नेपाली जनताले भोगेका जलवायु परिवर्तनका असर र प्रभावका बारेमा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनुभएको थियो ।

यसबाट नेपाललगायत पर्वतीय देशहरुको सशक्त पहलमा जलवायु परिवर्तनको प्रभावका बारेमा हिमाल र जलवायु परिवर्तन विषयका विज्ञ समूहबीच सम्वाद आयोजना गर्न कोप-२८ बाट निर्णय भएको थियो ।रासस

# हेटौँडाका उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेनन्

**बागमती** । हेटौँडा औद्योगिक क्षेत्रका उद्योगबाट उत्पादित सामग्री अपेक्षाकृत बिक्री नहुँदा सञ्चालनमा समस्या भएको छ। कच्चा पदार्थ अभाव, लागत वृद्धि तथा बैंकको ब्याजले ती उद्योगको उत्पादन ४० प्रतिशतमा सीमित भएको छ ।




हाल उक्त औद्योगिक क्षेत्रमा एक सय १५ उद्योग सञ्चालनमा छन् । ती उद्योग अहिले ४० प्रतिशत क्षमतामा सञ्चालन भइरहेका औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । तीन 'सिफ्ट'मा चल्ने उद्योग एक सिफ्टमा मात्र सञ्चालन भएका छन् । उद्योग क्षमताअनुसार सञ्चालन हुन नसक्दा मजदुर तथा कर्मचारी कटौतीमा परेका छन् । उक्त कार्यालयका प्रमुख भोजराज बिराडीका अनुसार कोरोना महामारीपछि परेको आर्थिक तथा व्यावसायिक मन्दीको प्रभाव यहाँका उद्योगमा परेको छ । आर्थिक मन्दीले सञ्चालन नभएका दुई दर्जन उद्योगको सम्झौता खारेज प्रक्रिया सुरु गरिएको छ ।

कार्यालयका प्रमुख बिराडीले सम्झौता गर्ने एवं जमिन ओगट्ने काममात्र भएको तर उद्योग सञ्चालन नभएकाले कारबाही प्रक्रिया अगाडि बढाइएको बताउनुभयो । केही उद्योगको सम्झौता खारेज गर्दा कार्यालयविरुद्धजिल्लाअदालतमा मुद्दा दायर पनि भएका उहाँले बताउनुभयो । औद्योगिक क्षेत्रमा स्थापना भएका एक सय ४७ मध्ये एक सय १५ वटा विभिन्न प्रकृतिका उत्पादनमूलक उद्योग सञ्चालनमा छन् । नौवटा उद्योग बन्द भएका तथा २३ वटा निर्माणाधीन छन् ।

> “उद्योगको अवस्था दयनीय भएकाले भाडा तिर्न समस्या परेको उद्योगीहरुको गुनासो छ । यहाँ सञ्चालित उद्योगबाट उत्पादित सामग्रीको लागत धेरै हुनु, उत्पादित सामग्री बिक्री नहुनु तथा आर्थिक मन्दीले उद्योगहरुको अवस्था नाजुक भएको उद्योग वाणिज्य संघका पदाधिकारीहरु बताउँछन् ।

उद्योगको अवस्था दयनीय भएकाले भाडा तिर्न समस्या परेको उद्योगीहरूको गुनासो छ । यहाँ सञ्चालित उद्योगबाट उत्पादित सामग्रीको लागत धेरै हुनु, उत्पादित सामग्री बिक्री नहुनु तथा आर्थिक मन्दीले उद्योगहरूको अवस्था नाजुक भएको उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरू बताउँछन् ।“अहिले मन्दी छ, पसल खाली हुँदै गएका छन्, उत्पादित सामान बिक्री हुँदैनन्, यो गम्भीर समस्या हो । उद्योगका लागि बैंकबाट लिएको ऋणको ब्याजसमेत तिर्न समस्या भएको र उद्योगमा थप लगानी गर्न बैंकले ऋण दिँदैन,” हेटौँडाका फर्निचर उद्योगी रामपुकार ठाकुरले भन्नुभयो ।

औद्योगिक क्षेत्रमा निर्माण सामाग्री उद्योग पाँच, प्लाष्टिक सामग्री उद्योग २८, विद्युतीय सामग्री उद्योग तीन, खाद्यान्न तथा पेय पदार्थ उद्योग ११, फर्निचर सामग्री उद्योग छवटा, इन्जिनीयरिङ सेवातर्फ १५, प्याकेजिङ सामग्रीतर्फ पाँच, केमिकल सामग्रीतर्फ ११, पोल्ट्री तथा दाना उद्योगतर्फ दुई, टेक्सटायल उद्योगतर्फ एक, खानीजन्य उद्योगतर्फ तीन र अन्य उद्योगतर्फ १० वटा उद्योग छन् । यी उद्योगमा पाँच हजार मजदुरले रोजगारी पाएका छन् । विसं २०२० मा स्थापना भएको औद्योगिक क्षेत्र तीन हजार दुई सय २८ रोपनीमा फैलिएको छ ।रासस

# विदेशबाट फर्केर पशुपालनमा लाखौ कमाउदै

**नवलपरासी** ।नवलपरासी (बर्दघाट सुस्तापूर्व)को कावासोती नगरपालिका-१७ गोछडाका नवराज गौडेल विगत पाँच वर्षदेखि पशुपालनमा व्यस्त हुनुहुन्छ। रोजगारीका सिलसिलामा आठ वर्षे वैदेशिक रोजगारीमा बिताउनुभएका नवराज अहिले स्वदेशमै पशुपालनमा रमाउनु भएको छ ।



वैदेशिक रोजगारीमा रहँदा महिनाको रु ३० हजार कमाउने उहाँले अहिले पशुपालनबाट मासिक ८० हजार बचत हुने गरेको बताउनुभयो । गाउँघर छाडेर विदेशी भूमिमा १२ घण्टासम्म पसिना बगाउँदा पनि परिवार पाल्न धौधौ भएपछि आफ्नै माटोमा कृषि तथा पशुपालन गर्ने अठोटका साथ व्यवसाय सुरु गरेको गौडेलले बताउनुभयो ।

“आठ वर्ष विदेश बसेर पनि सोचे जस्तो आम्दानी नभएपछि नेपालमै पसिना बगाउने सोच आएको हो”, उहाँले भन्नुभयो, “अहिले घरपरिवारसँग दुःख गर्दै खर्च कटाएर महिनाको ८० हजारसम्म जोगाउन सकेको छु ।” रु सात लाखको लगानीमा विसं २०७५मा गौडेल गाई तथा कृषि फार्म स्थापना गरी २३ वटा गाईबाट सुरु भएको व्यवसायले सबै लगानी उठाएर फाइदा दिन थालेको छ । गाईभैँसीको आहारका लागि सात कठ्ठा जमिनमा उन्नत जातको घाँस खेती गरी यसलाई नियमित र दिगो वनाउन थालिएको गौडेलले बताउनुभयो ।

“बिहान ४ बजेदेखि साँझ ७ बजेसम्म समय तालिका अनुसार श्रीमान् र श्रीमती मिली गाईभैँसीको स्याहारसुसारदेखिदूधबिक्रीमाखटिने गरेका छौँ”, उहाँले भन्नुभयो । आफ्नै गाउँघरमा परिवारसँग मेहनत गर्न पाउँदा नवराज खुसी हुनुहुन्छ । साँझ बिहान परिवारसँगै दुःख बिसाउँदै स्वदेशमै केही गर्न चाहनेका लागि पशुपालन अझै पनि राम्रो विकल्प रहेको उहाँको सुझाव छ ।

विदेशको भूमिमा तातो घाममा पसिना बगाउने दुःखको केही अंश मात्र स्वदेशमा मेहनत गर्ने हो भने राम्रो आम्दानी गर्न सकिने गौडेलले बताउनुभयो । पाँच वर्षको पशुपालन अनुभवमा पछिल्लो वर्ष पशुमा देखिएको लम्पी स्किन रोग र मिल्क होलिडेले केही समस्या सिर्जना गरे पनि व्यवसाय सम्हालिएको छ । लम्पी स्किन रोगबाट दुई वटा गाईलाई असर गरे पनि नियमित सरसफाइ र औषधि उपचारले क्षति हुन नपाएको गौडेलले बताउनुभयो ।घाँस परालको लागि कुनै समस्या नभए पनि दाना चापटको मूल्य निरन्तर बढिरहँदा किसानलाई मर्का परेको उहाँको गुनासो छ । “दाना चापटको मूल्य निरन्तर बढदो छ, भारतबाट दूध पनि नेपाल भित्रिदा यहाँ उत्पादन भएको दूधले बजार नपाउने अवस्था सिर्जना भयो”, उहाँले भन्नुभयो, “राज्यले यस्ता कुरामा नियमन गरे किसानलाई मार पर्दैनथियो ।”रासस

# हस्तकलाका सामग्री युरोप निर्यात २० प्रतिशतले घट्यो

**काठमाण्डु** । युरोप महाद्विपमा भइरहेको युद्धको प्रभाव नेपालको हस्तकला उद्योगमा देखा परेको छ । हस्तकला महासङ्घका अध्यक्ष प्रचण्ड शाक्यले युरोपमा २० प्रतिशतले हस्तकला निर्यात घटेको जानकारी दिनुभयो ।

उहाँका अनुसार युरोपमा हाते कागज, पस्मिना, फेल्ट लगायतका सामग्री बढी मात्रामा निर्यात हुने गर्छन् । गत वर्ष ६ अर्बको हस्तकला युरोपमा निर्यात भएको थियो । यसवर्ष गतवर्षको तुलनामा २० प्रतिशतले घटेको अध्यक्ष शाक्यले बताउनुभयो । “युरोपमा युद्धको प्रभाव हस्तकला व्यापारमा पर्न गएको छ”, उहाँले भन्नुभयो, “यद्यपि अरु मुलुकमा निर्यातको अवस्था मध्यम छ ।”

हस्तकला महासङ्घको तथ्याङ्क अनुसार प्रत्येक वर्ष रु १२ अर्बको हाराहारीमा हस्तकला तथा मूर्तिकला निर्यात हुने गरेको छ ।

मङ्सिरदेखि पुसमा मात्रै रु आठ अर्बको निर्यात भएको छ ।रासस

# सुनकोसी मरिण डाइभर्सनः वैशाख २६ गते ब्रेक थ्रुको तयारी

**काठमाण्डु** । सुनकोसी मरिण डाइभर्सन आयोजनाको सुरुङको निर्माणको काम अब पाँच सय १० मिटर मात्रै बाँकी रहेको छ । आयोजनाले आगामी वैशाख २६ गते 'ब्रेक थ्रु' गर्ने तयारी गरेको छ।

तराई-मधेसमा १२ महिना नै सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यका साथ सुरु गरिएको निर्माण प्रक्रियामा उल्लेख्य सफलता हासिल गरेको छ। कुनै भौगोलिक जटिलता उत्पन्न नभएको खण्डमा आगामी वैशाख २६ गते विशेष समारोहको आयोजना गरी सुरुङ ब्रेक थ्रु गर्ने तयारी गरिएको आयोजनाले जनाएको छ।



सुनकोसी मरिण डाइभर्सन आयोजनाका प्रमुख मित्र बरालका अनुसार कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङमध्ये हालसम्म १२ दशमलव सात सय ९० किलोमिटर सुरुङ निर्माण सम्पन्न भएको छ। “सुरुङ निर्माणका क्रममा सामान्य भौगोलिक जटिलता पुनःउत्पन्न भयो, हामीले त्यसलाई समाधान गरेर अगाडि बढ्यौँ”, आयोजना प्रमुख बरालले भन्नुभयो, “ग्राउटिङलगायतका विधि प्रयोग गरेर समस्याको समाधान भएको छ । सुरुङ निर्माण निरन्तररुपमा अगाडि बढिरहेको छ ।”

सुरुङ निर्माणमा अटोमेटिक टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरिएको छ । भेरी बबई डाइभर्सन आयोजनापछि सुनकोसी मरिणमा पनि टिबिएम मेसिन प्रयोग गरिएको हो ।

उपकरणको प्रयोग गरी सुरुङ निर्माण गर्दा त्यसले सकारात्मक प्रभाव पारेको छ। अन्य आयोजना पनि त्यस्तै उपकरणको प्रयोग गर्न सकारात्मक वातावरण बनेको बताइएको छ।

उ ङ ज ा ँ जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आयोजना प्रमुखलगायतकाअधिकारीलाईआयोजनास्थल नछाड्न, स्थानीयस्तरमा नै समस्या समाधान गर्न तथा आयोजनाको काममा कुनै पनि गत्यावरोध आउन नदिन स्पष्ट शब्दमा निर्देशन दिनुभएको छ । सोही कारण पनि आयोजनाले अपेक्षित सफलता हासिल गरेको छ। निर्माण व्यवसायी परिचालनमा विशेष ध्यान दिन तथा आवश्यक सहजीकरण गरी हरेक १५ दिनमा जलस्रोत तथा सिँचाइ विभाग र हरेक एक महिनामा आयोजनाको समग्र प्रगति विवरण प्रस्तुत गर्न मन्त्रालयले निर्देशन दिएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नियमितरुपमा आयोजनाका सन्दर्भमा चासो राख्दै आउनुभएकाले पनि आफूहरुलाई काम गर्न सहज भएको आयोजनाले जनाएको छ।

आयोजना प्रमुख बरालका अनुसार २०७९ साल असोज २८ गतेदेखि निर्माण सुरु गरिएको सो आयोजनामा कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङ निर्माण हुनेछ । नेपालका विद्युत् तथा अन्य सिँचाइका आयोजनामा सुरुङ निर्माण भए पनि सो आयोजनामा टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरेर खनिएको भने दोस्रो पटक हो । यसअघि भेरी-बबई डाइभर्सन आयोजनामा पनि टिबिएमको प्रयोग गरिएको थियो । पहाडी भूभाग बढी भएको नेपालमा सुरुङ खन्न अब टिबिएम प्रभावकारी उपकरणका रुपमा स्थापित भएको छ ।

सुनकोसी नदीको पानी मरिण खोलामा झारेर विद्युत् उत्पादन गर्ने र तराईका एक लाख २२ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ सुरु गरिएको सो आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काममा भने सोहीअनुसार भएको छैन । बाँध तथा विद्युत् गृह निर्माणमा संलग्न निर्माण व्यवसायीले तोकिएअनुसार काम गर्न सकेको छैन ।निर्माण व्यवसायीले काम गरिरहेको भए पनि बाँध निर्माणमा अपेक्षित प्रगति भएको छैन । ि

वद्युत् गृह र प्रसारण लाइन निर्माणका लागि आवश्यक तयारी भइरहेको छ । प्रसारण लाइनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भइसकेको छ ।

सुनकोसी मरिण डाइभर्सन आयोजनाबाट हाल सञ्चालनमा रहेको बिपी राजमार्गको केही भाग प्रभावित हुनेछ । हाल सञ्चालनमा रहेको राजमार्गलाई नौ सय मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ । बाँध तथा विद्युत् गृह निर्माणका लागि भारतीय कम्पनी पटेल इञ्जिनियरिङ र नेपाली कम्पनी रमण कन्स्ट्रक्सनको संयुक्त उपक्रमले ठेक्का पाएको छ । आगामी वैशाखसम्म बाँध निर्माणलाई एउटा स्तरमा पुर्‍याउने लक्ष्य राखिएको छ । वैशाखपछि नदीमा जलसतह बढ्ने भएकाले काम गर्न समस्या हुनेछ ।

यस्तै, विद्युत् गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ । सो आयोजनाबाट तराई-मधेसका कूल एक लाख २२ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ । राष्ट्रिय गौरवका आयोजना भएकाले स्रोतको कुनै अभाव नहुने प्रधानमन्त्री र ऊर्जामन्त्रीको प्रतिबद्धता भएकाले आफूहरुलाई काम गर्न सहज भएको आयोजना प्रमुख बरालको टिप्पणी छ ।

यसअघि सुरुङ निर्माणमा भौगर्भिकरुपमा रहेको जटिलताका कारण तीन पटक समस्या देखिएको थियो । सुनकोसी गाउँपालिका-७ कानढुङ्गीस्थित सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोसी नदीलाई मरिण खोलामा पथान्तरण गरिनेछ । सुनकोसीको करिब ६७ क्युसेक पानीलाई सुरुङमार्फत सिन्धुलीको कमलामाई नगरपालिका-२ कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ । त्यसपछि बाग्मती सिँचाइ आयोजनाको पूर्वाधार प्रयोग गरेर धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको करिब एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ । त्यस्तै सो आयोजनाबाट ३१ मेगावाट बिजुली उत्पादन हुनेछ ।

आयोजनाको सुरुङ निर्माण चिनियाँ कम्पनी चाइना ओभरसिज इञ्जिनियरिङले गरिरहेको छ। बाँध र विद्युत् गृह निर्माणमा केही ढिलाइ भए पनि तोकिएको समयभित्रै पूरा गर्ने निर्माण व्यवसायीको भनाइ छ । विसं २०८४ को असोजमा सो आयोजना पूर्णरुपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । भेरी बबई डाइभर्सन आयोजनामा सुरुङ निर्माण सम्पन्न भएको लामो समय भए पनि बाँध र विद्युत् गृह निर्माणले गति नलिँदा देखिएको व्यवधान सुनकोसी मरिणमा आउन नदिन सरकार उत्तिकै चनाखो देखिएको छ ।

सो आयोजना सम्पन्न भएपछि अन्न भण्डारका रुपमा रहेको मध्यतराईका पाँच जिल्लामा वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध हुनेछ । त्यसले खाद्यउपज उत्पादनमा गुणात्मक परिवर्तन आउनेछ । सो आयोजनामा प्रयोग भएको टिबीएम उपकरण प्रयोग गरी फुर्कोट-फूलबारी सुरुङ निर्माण गर्ने प्रारम्भिक तयारी गरिएको छ । टिबिएमलाई केही परिवर्तन गरी सडक पूर्वाधारमा प्रयोग हुने सुरुङ निर्माण गर्न सकिने बताइन्छ ।रासस

शुभकामना

नववर्ष २०८१ साल

नव वर्ष २०८१ सालको सुखद अवसरमा सम्पूर्ण गाउँपालिकावासी दाजु भाई दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राम प्रमोद यादव
अध्यक्ष
एवं
नरहा गाउँपालिका
नरहा, सिरहा



Under the Management of J.E.F Pvt. Ltd

SIDDHARTHA SHISHU SADAN
BOARDING SECONDARY SCHOOL
Janakpurdham-01 (Province-02)
Play Group to Class XII

नववर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सुस्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं ।

४२ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४३ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक आमा शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई ध्यानमा राखि विगतको वर्ष झैं यस शैक्षिक सत्र २०८१ मा पनि छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ ।

शैक्षिक सत्र २०८१ भर्ना सम्बन्धि सूचना

१. नर्सरी देखि कक्षा ९ सम्म नयाँ भर्ना लिइनेछ । (नोटः कक्षा ९ मा केही सिट मात्र)
२. नर्सरी देखि कक्षा ५ सम्म मौखिक परीक्षा तथा कक्षा ६ देखि कक्षा ९ सम्म लिखित तथा मौखिक परीक्षा लिइनेछ ।
३. नयाँ भर्नाको लागि फारम वितरण :- वि.स. २०८० चैत्र २५ गते आइतवारबाट
४. नयाँ भर्नाको लागि प्रवेश-परीक्षा :- वि.सं. २०८१ बैशाख ०४ गते मंगलवार
५. प्रवेश-परीक्षाको समय :- बिहान १०:०० बजे देखि ०१:०० बजे सम्म
६. प्रवेश-परीक्षामा तयारी गर्नुपर्ने विषयहरु :- अङ्गेजी, नेपाली, गणित र विज्ञान
७. प्रवेश-परीक्षाको नतिजा प्रकाशन :- २०८१ बैशाख ०४ गते बेलुका ५ बजे
८. शैक्षिक सत्र २०८१ को कक्षा प्रारम्भ :- २०८१ बैशाख ०६ गते विहीवार देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२८७७२/९८५४०२६५६५/९८४४२६०९६९/९८४४०३९८८७/९८०४८९०१८१ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

प्राचार्य

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

सिद्धार्थ शिशु सदन
भानुचौक, जनकपुरधाम–१
Ph.no.: 041-041-522969, 525064,
Mob. 9801622969, 9801674658

नयाँ वर्ष २०८१ को सुखद अवसरमा
सम्पूर्ण दाजुभाई दिदीबहिनीमा हार्दिक मंगलमय शुभकामना

अञ्जनी सुईट प्रा.लि.
मिथि रेष्टोरेन्ट प्रा.लि.
परिवार




अञ्जनी सुईट प्रस्तुत गर्दछ
मिथिलाको पहिचान सहित 'मैथिल थाली'
अनुपम स्वाद, पूर्ण सन्तुष्टि

हनुमान मार्ग, कपालमोचनी सर
जनकपुरधाम-८, बारहबिघा नजिक
फोन नं. ९८५४०३०५०२/९७०५६३०५०२
९८५४०२७५९१/९८०१६२७५९१


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८